वर्ष : १४, अंक : ४, काठमाडौं, २०७५ बैशाख २८ गते शुक्रबार 11 May 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# बहुआयामिक सम्बन्धको दायरा बढ्ने विश्वास

मधेशवाणी डेस्क

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको निमन्त्रणामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी हेलिकोप्टरमा पटनाबाट उडेर शुक्रबार बिहान ९ बजे उत्रेर नेपाल भ्रमणको तेस्रो पटक सुरूवात गर्दैछन् ।

छिमेकीसँगको सुमधुर सम्बन्धमा जोड दिने बताउँदै आएका मोदीसँग आन्तरिक लोकप्रियताका लागि पनि नेपाल सम्बन्धलाई पहिलाकै अवस्थामा ल्याउनुपर्ने बाध्यता छ ।

शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला गत असोजमै मोदीको नेपाल भ्रमणको तयारी भएको थियो । तर, २०७४ असोज १७ मा एमाले र माओवादी केन्द्रबीच वाम गठबन्धन घोषणापछि उनको भ्रमण रोकिएको थियो । नेपालका राष्ट्रपति र प्रधानमन्त्रीलगायतका नेताहरूले बारम्बार भारत भ्रमण गरे पनि १७ वर्षदेखि भारतबाट कोही पनि प्रधानमन्त्री नेपालमा द्विपक्षीय भ्रमणमा नआएको भनेर टिप्पणी हुने गरेका बेला मोदी आफू प्रधानमन्त्री भएलगत्तै नेपाल भ्रमणमा आएका थिए । भारतीय इतिहासमा कुनै पनि प्रधानमन्त्री एउटै कार्यकालमा नेपालको तीनपटक भ्रमण गरेका छैनन् । मोदीको नेपाल भ्रमण अझै बढीपटक पनि हुनसक्ने सम्भावना कायमै छ ।

साथै मोदी राजधानी नआई सिधै अन्यत्र ठाउँबाट नेपालको भ्रमण सुरू गर्ने पहिलो विदेशी सरकार प्रमुख बन्न पुगेका छन् ।

*भारतीय प्रधानमन्त्री मोदीले आसन्न राजकीय भ्रमणमा नेपालसँग एकसाथ राजनीतिक, विकास साझेदारी र धार्मिक सम्बन्ध सुदृढ भएको सन्देश दिन चाहेका छन् ।*

खासमा तीन वर्षअघि २०७१ साउनमा नेपाल आउँदाको सकारात्मक छवी पुनर्स्थापनामा उनले जोड दिनेछन् । मोदीको पहिलो नेपाल भ्रमणको जस्तो सम्बन्ध नेपालसँग बनाउने गरी दिल्लीमा कसरत भएको छ । भारतले नेपाल मात्र होइन, समग्र छिमेक नीतिकै समीक्षा गरिरहेको छ । प्रधानमन्त्री मोदीको हालै भएको चीन भ्रमणपछि नेपालसहितका अन्य देश मात्र होइन, अब पाकिस्तानसँग पनि सम्बन्धमा नयाँपन आउने सम्भावना देखिन थालेको छ ।

वस्तुत: २०७१ मा भारतीय प्रधानमन्त्रीका रूपमा नेपाल भ्रमण गर्दा पारेको सकारात्मक प्रभाव मोदीले यो भ्रमणबाट पुनर्स्थापना गर्न चाहन्छन् ।

तसर्थ, यो भ्रमणको एउटा लक्ष्य नेपालमा झाँगिदो चिनियाँ उपस्थितिको गति मत्थर गर्नु पनि हो । मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच हालै भएको भेटमा नेपालसहितका मुद्दामा पनि छलफल भएको बताइन्छ ।

तर, नेपालका हरेक राजनीतिक परिवर्तनमा नयाँदिल्लीको साथ-सहयोग रहँदै आएको तथ्यलाई पनि बिर्सिन सकिदैन । धेरैजसो संकटमा पनि भारतीय साथको भूमिका पाइन्छ । नेपाल यस्तो भू-राजनीतिक जटिलतामा छ, जसले हामीलाई एउटा छिमेकीसँग लामो समय दूरी बढाएर अर्को छिमेकीसँगको काख रोज्ने सुविधा दिँदैन । प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीबीचको भेटवार्ता र छलफलपछि राष्ट्रपति, उपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रीहरूसँग राजनीतिक भेटघाट हुने भएपछि अहिले नेपाल मोदीमय बनिरहेको छ । पटनाबाट सिधै तीन हेलिकोप्टरसहित जनकपुरमा उत्रिएपछिको मुक्तिनाथ क्षेत्र पनि तरंगित भएको छ भने राजधानी काठमाडौं पनि तरंगित भइरहेको छ ।

## मोदीको नेपाल भ्रमण



नेपालको राजनीतिक, आर्थिक, सामाजिक विषयमा सामरिक महत्व राख्ने मात्र होइन, परोक्ष र कैयौंपटक प्रत्यक्ष सहयोग गर्न रूचाउने भारतको नेतृत्व वर्गले आफ्नो हरेक भ्रमणमा कुनै न कुनै सन्देश दिएकै हुन्छन् वा दिने प्रयास गरेको देखिन्छ । यसपटक भारतीय प्रधानमन्त्री मोदीले पनि कुनै खास सन्देश दिनकै लागि सोझै जनकपुर झर्ने योजना बनाए वा अन्य कुनै अवस्था आइपर्‍यो, जसले गर्दा काठमाडौंभन्दा जनकपुर पहिलो प्राथमिकतामा पर्‍यो, यो अहिले गर्भकै विषय हो । तर यसको विश्लेषण नेपालका नेतृत्व वर्गले छिटो गर्नु जरूरी छ ।

नेपालको राजनीति भारतसँगको सम्बन्ध विषयमा अधिकांश अवधि अविश्वास र आशंकाको जाँतोमा पिसिएको छ । धेरै पिसिएपछि जाँतो खिइन थाल्नु स्वाभाविकै हो । तर, जाँतो मर्मतको कुरै छाडौं, खिइने क्रम पनि रोकिएको छैन । यसैले दशकौं पहिले भएका सहमतिलाई प्रमाणिकता दिन राष्ट्राध्यक्ष वा सरकार प्रमुखहरू साक्षी बसेर गरिएका सम्झौताहरू कार्यान्वयन गर्ने सहमति हासिल गर्ने एक्लो एजेन्डा लिएर नेपालका ६ जना प्रधानमन्त्री भारत पुगे र प्रत्येकले आफ्नो भ्रमण 'अत्यन्त सफल भएको' दावी नेपाली जनतालाई सुनाएर आफ्नो पिठ्युँमा आफैंले धाप दिए ।

तर, सरकारको क्षमतामा सुधार भएको छैन । राजनीतिक नेतृत्वको मानसिकता र शैली पनि पुरानै छ । पुष्पकमल दाहाल प्रचण्ड होस् या बाबुराम भट्टराई, शेरबहादुर देउवा होस्, वा माधवकुमार नेपाल अथवा ओली नै किन न होस्, सबैले आ-आफ्नो प्रधानमन्त्रीत्व कालमा दिल्ली पुगेर दिएको वचन पूरा नगरेको तथ्य प्रष्ट छ ।

मोदीको यो भ्रमणलाई राजनीतिक तथा कूटनीतिक हिसाबले निकै महत्वका साथ हेरिएको छ । साथै मोदीको पहिलो भ्रमणमा उनले नेपालको संसदमा गरेको भाषणले जसरी चर्चा र स्वागत पाएको थियो, त्यसरी नै यसपटक पनि हुने हो कि भन्ने प्रतीक्षा छ ।

नाकाबन्दीको समयमा मोदीको असली विरोधीका रूपमा रहेको वर्तमान सरकारको नेतृत्वकर्ता पार्टीकै निर्देशनमा राजधानीमा समेत मोदीको अभिनन्दन गर्ने कार्यक्रम निर्धारण भएको छ । तथापि राजनीति र कूटनीतिमा सधैं विमति तथा असमझदारी मात्रै भइरहने हुँदैन । सायद त्यसैले होला मोदी अहिले नेपाल सरकारको प्रिय पात्र बन्दै छन् ।

भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणलाई राजनीतिक वृत्तमा निकै अर्थपूर्ण रूपमा हेरिएको छ । किनकि, अब नेपाल भारतबीच नयाँ उचाइमा सम्बन्ध स्थापित हुनुपर्छ भने आपसी विश्वास र हितमा नेपालले भारतसँग फाइदा लिन सक्नुपर्छ ।

**ओलीको भिजनमा सहयोग गर्ने मोदीको प्रतिबद्धता**

दुईदिने नेपाल भ्रमण सुरू गर्नुअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' अभियानमा आफ्नो ऐक्यबद्धता प्रकट गरेका छन् ।

उनले सो अभियान लागू गर्न भारत नेपालको दृढ साझेदार रहने उल्लेख गरेका हुन् ।

नेपाल आउनु अघिल्लो दिन आफ्नो फेसबुक पेजमा स्टाटस पोष्ट गर्दै मोदीले प्रधानमन्त्री केपी ओलीसँग विविध क्षेत्रमा छलफल हुने जानकारी दिएका छन् । उनले प्रधानमन्त्रीका रूपमा आफ्नो तेस्रो नेपाल भ्रमण भारतको 'छिमेक पहिले' नीतिको प्रतिबिम्बन भएको पनि उल्लेख गरेका छन् ।

आफ्नो जनकपुर र मुक्तिनाथ यात्राबारे उल्लेख गर्दै मोदीले ती दुवै स्थान नेपाल र भारतबीचको सांस्कृतिक तथा धार्मिक सम्बन्धको प्रमाण भएको बताएका छन् । यो भ्रमणले नेपाल र भारतबीचको सम्बन्ध अझ मजबुत हुने विश्वास पनि मोदीले व्यक्त गरेका छन् ।

## सम्पादक अहिराजलाई राष्ट्रिय पत्रकारिता पुरस्कार



काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले दुई दशकभन्दा लामो समयदेखि पत्रकारिता क्षेत्रमा सक्रियरूपमा कलम चलाउँदै आएका डा. राजेश अहिराजलाई राष्ट्रिय पत्रकारिता पुरस्कार- २०७४ प्रदान गरेकी छन् । सोमबार राष्ट्रपति भवन शीतलनिवासमा राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा आयोजित एक समारोहका बीच मधेश मिडिया हाउसका अध्यक्ष तथा मधेशवाणीका सम्पादक डा. अहिराज र नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष डा. महेन्द्र विष्टलाई

*बाँकी पृष्ठ २ मा*

## षोडसोपचार विधिबाट पूजा गर्ने मोदी पहिलो भारतीय प्रधानमन्त्री

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदर मोदीको आसन्न जनकपुरधामको जानकी मन्दिरमा षोडसोपचार विधिबाट गरिने विशेष पूजाअर्चना आम चासोको विषय बनेको छ । मन्त्रको प्रधानता रहेको सो पूजा जानकी मन्दिरमा आउने विशिष्ट अतिथिलाई मात्र गराइने परम्परा छ । जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवका अनुसार यसअघि सो मन्दिरमा भारतका राष्ट्रपतिहरू नीलमसञ्जीव रेड्डी, ज्ञानी जेल सिंह र प्रणव मुखर्जीलाई सो विधिबाट पूजा गराइएको थियो ।

जानकी मन्दिरमा सो विधिबाट पूजा गर्ने भारतका प्रधानमन्त्रीका रूपमा मोदी पहिलो प्रधानमन्त्री हुनुहुने बताइन्छ । षोडसोपचार



विधिबाट गरिने पूजामा पञ्च आहुती, पञ्चतन्त्र, पाँचजना पण्डितद्वारा मन्त्रोच्चारण गरी करीब एक घण्टा पूजा आराधना गराइन्छ, जसमा माता सीतालाई वस्त्र, गरगहना र शृंगारका सामग्री अर्पण गरिने चलन छ ।

ईश्वर अवतार महामानवका रूपमा भएको भावभूमिमा सीतालाई सुशील पुत्री, धीर गम्भीर राजकुमारी, आज्ञाकारी शिष्या, अनन्त सखी, मर्यादित पत्नी, मृदूभाषणी गरिमयी कुलबधु , प्रकृति स्वरूपा सवल नारी, संकटका बेला स्मरणीय चरित्र, ममतामयी माता तथा देवतुल्य भएकी कारण सीतालाई पुज्यनीय र अनुकरणीय मानिएको छ ।

विदेह परम्पराको निरन्तरताका रूपमा विशिष्ट पाहुनालाई षोडसोपचार विधिबाट पूजाअर्चना गराइने परम्परा रहेको जानकी मन्दिरका सहायक महन्त रामरोशन दास बताउँछन ।

भारतीय प्रधामन्त्री मोदीको जनकपुरधाम भ्रमण सन्दर्भमा जानकी मन्दिरमा गरिने पूजा अर्चनाका लागि मन्दिरलाई रंगरोगन गर्ने कार्य तीव्र पारिएको छ । जानकी मन्दिरको पूजाअर्चना कार्यक्रममा यस पटक नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको पनि उपस्थिति रहने भएकाले यसलाई नेपाल र भारतबीचको सम्बन्ध झन प्रगाढ हुने विश्वास लिइएको छ ।

## मोदीको व्यग्र प्रतिक्षा भइरहेको छ : मन्त्री यादव



काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको व्यग्र प्रतिक्षा भइरहेको बताएका छन् । उनले भारतीय प्रधानमन्त्री मोदीको यस भ्रमणबाट नेपाल र भारतबीचको सम्बन्ध अझ प्रगाढ हुने बताएका छन् । उनले नेपालमा निर्यातजन्य उत्पादनहरू नभएका कारण भारतसँगको व्यापार घाटा बढिरहेको उल्लेख गर्दै वर्तमान सरकारले नेपाली उत्पादनमा वृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरेको बताए ।

## प्रदेश २ मा सार्वजनिक बिदा

जनकपुरधाम । भारतीय प्रधानमन्त्री मोदी जनकपुर आउने दिन शुक्रबार प्रदेश नं. २ मा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । प्रदेश नं. २ मन्त्रिपरिषद्को बसेको बैठकले भारतीय प्रधानमन्त्री मोदी आउने दिन प्रदेशस्तरीय सार्वजनिक बिदा दिने निर्णय गरेको हो । जनकपुरमा सम्बोधन गर्ने भारतीय प्रधानमन्त्री मोदीको कार्यक्रममा सरकारले प्रदेशभित्रका आठवटै जिल्लाबाट एक लाख मानिस सहभागी गराउने निर्णय गरेको छ ।

## पर्साबाट हजारौं मानिस जनकपुर जाँदै

वीरगंज । संघीय समाजवादी फोरम नेपाल पर्साले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई जनकपुरधाममा स्वागतका लागि पर्सा जिल्लाबाट हजारौंको जनसहभागिता जनाउने निर्णय गर्दै मोदीको स्वागतका लागि सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । वीरगंजमा बिहीबार सांसद र विधायकहरूसहित बसेको फोरम नेपालको बैठकले मोदीको स्वागतका लागि पर्सा जिल्लाबाट हजारौंको जनसहभागीता जनाउँदैछन् ।

जनकपुरधाममा भारतीय प्रधानमन्त्रीको स्वागतका लागि सयौं बसमा बिहीबार राति हजारौं मानिस लिएर जनकपुर जाने फोरम नेपाल पर्साका अध्यक्ष एवं पर्सा क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद प्रदीप यादवले जानकारी दिए । यादवकै अध्यक्षतामा बसेको बैठकमा विधायकहरू प्रहलाद गिरी, जन्नत अन्सारी र मन्जुर अन्सारी, फोरम नेपालका केन्द्रिय सदस्यहरू मोहन चौधरी, सिपु तिवारी, फोरम नेपाल पर्साका उपाध्यक्ष सुन्दर कुर्मी, जिल्ला प्रवक्ता रामनरेश यादव, प्रदेश २ का सचिव सलाउदीन अहमद, जिल्ला समन्वय समिति पर्साका अध्यक्ष नेक महम्मद अन्सारी, समाजवादी विद्यार्थी फोरमका प्रदेश २ का संयोजक निखिल वर्णवाल लगायतको सहभागिता रहेको थियो ।

संघीय बहस

संगीता रेग्मी



## मोदीको नेपाल भ्रमण : नेपालले लाभ लिने उपयुक्त अवसर

**भारतको आर्थिक सम्पन्नताबाट नेपालले पनि लाभ लिन सक्नुपर्छ। हिजो नेपाल-भारतबीच के भएको थियो सम्झेर मात्र हुँदैन। हालै प्रधानमन्त्री केपी ओली भारत भ्रमणमा जाँदा भारतले देखाएको सम्मान र सद्भावले पनि भारत नेपालसँग निकट रहेर सम्बन्ध विकास गर्न खोजेको छ भने त्यसलाई नेपालले आफ्नो हितमा उपयोग गर्न सक्नु पर्छ।**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी भारतको पटनाबाट सिधैं प्रदेश २ को राजधानी जनकपुरधाम प्रवेश गरी यसपटकको नेपाल यात्राको थालनी गर्दै छन् । मोदीको निमन्त्रणामा राजकीय भ्रमण सकेर स्वदेश फर्किएका प्रधानमन्त्री केपी ओली करिब एक महिनाको अन्तरमा उनै समकक्षी नरेन्द्र मोदीको नेपाल भ्रमण हुनु आफैमा रोचक छ भने यसले दुई देशको सम्बन्धलाई प्रगाढ तुल्याउन मद्दत गर्छ भन्नेमा विश्वास गर्न सकिन्छ । तसर्थ यो भ्रमणलाई सफल बनाउन सरकार प्रयासरत रहेको छ ।

२०७१ मंसिरमा काठमाडौंमा आयोजित सार्क शिखर सम्मेलनमा भाग लिन आउँदा नै मोदीले जनकपुर भ्रमणको योजना बनाएका थिए । काठमाडौंबाट स्थलमार्ग हुँदै जनकपुर छिर्ने, त्यहाँ जानकी मन्दिरमा दर्शन गर्ने, स्थानीयलाई साइकल बाँड्ने र सार्वजनिक सम्बोधनसमेत गर्ने तयारी थियो । तर विभिन्न कारणहरूले गर्दा अन्तिम अवस्थामा कार्यक्रम स्थगित भयो । अहिले मोदीले आफ्नो थाँती रहेको यो योजना पूरा गर्ने भएका छन् ।

दुई छिमेकी मित्रराष्ट्रका बीचमा उच्चस्तरीय भ्रमण हुनुलाई स्वभाविकै मान्नुपर्छ । हाम्रो देशमा निर्वाचनपश्चात बहुमत प्राप्त सरकार बनिसके पछि प्रधानमन्त्रीको हैसियतमा केपी ओलीले भारत भ्रमण गरे । त्यसैको प्रत्युत्तरका रूपमा भारतका प्रधानमन्त्री मोदीको नेपाल भ्रमण हुँदैछ । दुई देशबीचको सम्बन्धलाई सुदृढ गर्न यस प्रकारको उच्चस्तरीय राजनीतिक भ्रमणहरूले सकारात्मक योगदान नै गर्नसक्छ । त्यसैले हामीले भ्रमणलाई सकारात्मक रूपामा लिनुपर्छ । स्वागत गर्नुपर्छ । सफल पार्ने प्रयत्न गर्नुपर्छ ।

हाम्रा दुई छिमेकी चीन र भारत दुवैसँग समनिकटताको आधारमा असल मैत्रीपूर्ण सम्बन्ध राख्न सक्नुपर्छ । त्यसैले नेपालका प्रधानमन्त्रीको भारत भ्रमण र भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणले चीनसँगको सम्बन्धमा कुनै असर पार्दैन । हामी चीनसँग पनि असल एवम् उच्च स्तरीय मैत्री सम्बन्ध कायम राख्छौं ।

मोदीलाई नेपाल आउनुपर्ने अनेकौं कारण छन् । मोदीको हिन्दू धर्मप्रतिको लगाव सबैलाई थाहै छ ।सन् २०१५ मा आर्थिक नाकाबन्दी पछि नेपालीले पाएको कष्ट र दु:खबाट दु:खी र पीडित भए पनि समग्र नेपाली जनता उनको स्वागतका लागि आतुर र प्रतीक्षारत छन् । यसले भारतप्रति नेपाली जनताको प्रेम दर्शाउँछ ।

प्रधानमन्त्री मोदी पहिलोपटक नेपाल आउनुभन्दा अगाडि १७/१८ वर्षसम्म भारतका कुनै पनि प्रधानमन्त्री नेपालको भ्रमणमा आएका थिएनन् । त्यसकारण उनको पहिलो भ्रमणमा नेपालीहरूले ठूलो उत्साह र मित्रता देखाएका थिए । मोदीको त्यहि उत्साह र मित्रता यसपटक पनि प्रदर्शित होस भन्ने नेपालीको आकांक्षा छ ।

**भारतबाट अपेक्षा**

भारतीय प्रधानमन्त्री मोदीको भ्रमण आफ्नै प्रदेशको अस्थायी राजधानी जनकपुरबाट सुरू हुने भएपछि मधेशी जनता खुसी छन् । मधेशका जनताले यस भ्रमणबाट विशेष खालको सहयोग र सद्भावको आशा गरेका छन् । नेपाल र भारतको सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकहरू दैनिक जीवनयापनका लागि विशेष व्यवस्था होस् भन्ने चाहन्छन् । रासायनिक मलको सहज उपलब्धता, कृषि उपकरणमा शून्य भन्सार, भारतीय बीमा कम्पनीहरूमा विशेष प्राथमिकतामा कृषि वा पशु बिमाको व्यवस्था, तटबन्ध, नहर निर्माण, सिँचाईको व्यवस्था, प्रशिक्षण, सेना भर्ना, छात्रवृत्ति, भ्रमणलगायत भौतिक र जनशक्तिको विकासमा पहाडी-मधेशीबीच समानता, वैकल्पिक उर्जाको उचित व्यवस्था, खुल्ला सिमाना र आवगमनलाई व्यवस्थित बनाउने, भारतले नेपालमा गर्ने लगानीमा मधेशलाई विशेष व्यवस्था आदि विषयहरू मोदीको भ्रमणको समयमा सम्बोधन हुने मधेशी जनताको अपेक्षा रहेको छ ।

भारतको आर्थिक सम्पन्नताबाट नेपालले पनि लाभ लिन सक्नुपर्छ । हिजो नेपाल-भारतबीच के भएको थियो सम्झेर मात्र हुँदैन । हालै प्रधानमन्त्री केपी ओली भारत भ्रमणमा जाँदा भारतले देखाएको सम्मान र सद्भावले पनि भारत नेपालसँग निकट रहेर सम्बन्ध विकास गर्न खोजेको छ भने त्यसलाई नेपालले आफ्नो हितमा उपयोग गर्न सक्नु पर्छ ।

नेपाल भारतबीच नयाँ उचाइमा सम्बन्ध स्थापित हुनुपर्छ । आपसी विश्वास र आपसी हितमा उत्साही भएर नेपालले भारतसँग फाइदा लिन सक्नुपर्छ । मूल कुरा आर्थिक सम्बन्ध नै हो । नेपालका युवाले रोजगारी पाइरहेका छैनन् । ठूलो बेरोजगारीको समस्या

*बाँकी पृष्ठ ८ मा*



## सम्पादकीय

# उच्च सद्भावना भ्रमण

नेपाल र भारतबीच खुला सीमा छ। राजनीतिक, सांस्कृतिक, धार्मिक, सामाजिक र अनेकौं खालका विशिष्ट सम्बन्ध छ। यद्यपी दुबै देशबीच समय समयमा खटपट वा उतार चढाव आउने पनि गरेको छ। यो पनि विशिष्ट सम्बन्धकै एउटा पक्ष हो।

नेपाल र भारत छिमेकी मात्रै होइन। हाम्रो भूगोल अवस्थिति, सभ्यता, सामाजिक बनोट, इतिहास र वर्तमानसम्मका सबै पक्ष जोडेर हेर्दा हामी एकदमै स्वाभाविक र अभिन्न मित्र हौं। यी दुईसँग एकैसाथ एक-अर्कालाई सम्मान र सहयोग गर्ने तथा पारस्परिक साथ-सहयोगका भरमा विकासको बाटोमा अघि बढ्ने नियति जोडिएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आजबाट हुने दुईदिने नेपालको राजकीय भ्रमणले दुई देशको सम्बन्धमा सुधार आउन अपेक्षा छ भने सम्बन्धलाई नयाँ शिराबाट व्याख्या गर्ने मौका मिलेको छ।

भारतीय प्रधानमन्त्रीको यो राजनीतिक भ्रमण नै हो। यद्यपी उनी जनकपुरधाम, पशुपतिनाथ र मुक्तिनाथको दर्शन गर्ने भएपनि कतिपयले यसलाई धार्मिक र सांस्कृतिक भ्रमणको संज्ञा दिएका छन् तर सरकार प्रमुखको यस्ता प्रकारको

> मोदीको यो भ्रमणलाई सफल बनाएर दुई देशको सम्बन्धलाई आपसी हितमा प्रयोग गर्न सके मात्र भ्रमणको सार्थकता हुन्छ। भ्रमणलाई आफ्नो हितमा अधिकतम् उपयोग गर्न सक्ने नेपालले राम्रो मौका पनि पाएको छ।

भ्रमण वस्तुत: राजनीतिक नै हुने गर्छ। मोदी जनकपुरसहित मुक्तिनाथ जानु भनेको उनको धर्मप्रतिको उच्च आस्था हो, जसलाई हामीले सम्मान पनि गर्नुपर्छ। भारतीय प्रधानमन्त्री मोदी उनी नेपाल आउँदा तीर्थाटन गरेर मात्र फर्कने होइन, नेपालमा रहँदा उनले राजनीतिक भेटवार्ता गर्नुका साथै द्विपक्षीय हित र सम्बन्धका विषयमा पनि कुराकानी गर्ने छन्। तसर्थ मोदीको यो भ्रमणलाई सफल बनाएर दुई देशको सम्बन्धलाई आपसी हितमा प्रयोग गर्न सके मात्र भ्रमणको सार्थकता हुन्छ। भ्रमणलाई आफ्नो हितमा अधिकतम् उपयोग गर्न सक्ने नेपालले राम्रो मौका पनि पाएको छ।

मोदीको भ्रमण राजनीतिक सम्बन्ध सुधारको रूपमा पनि लिन सकिन्छ। भ्रमणको उपलब्धी अहिले नै देखा पर्दैन। भ्रमणले दिएको उपलब्धी आगामी दिनमा मात्र देखिनेछ।

मोदीको नेपाल भ्रमणले सदभाव कायम र आपसी विश्वास स्थापना गर्नेमा केन्द्रित हुनुपर्छ। दुई मुलुकबीच कायम रहेको समस्यालाई पनि दुवै प्रधानमन्त्रीले समस्या समाधानको रूपमा लिनुपर्छ। भ्रमणमा विगतको सम्झौताको शीघ्र कार्यान्वयनमा केन्द्रित हुनुपर्छ। महाकाली सन्धी गराउन अहिलेकै प्रधानमन्त्री केपी ओलीले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्। यसको कार्यान्वयनमा जोड दिनुपर्छ। नेपाल र भारतबीच रहेको बहुआयामिक सम्बन्धलाई अब आर्थिक साझेदारीमा रूपान्तरण गर्न सके त्यसले सम्बन्धको आधारलाई अझै बलियो बनाउन सक्छ। त्यसैले सम्बन्धलाई सहज र सुदृढ बनाउन कटुताहरूलाई भुलेर अगाडि बढ्नु पर्छ।

सैद्धान्तिकभन्दा बढी व्यावहारिक पक्षले नेपाल र भारतको सम्बन्धलाई निर्धारण गरेको छ। नेपाल र भारतबीच हजारौं वर्ष पुरानो सम्बन्ध छन्। नेपाली सेना र भारतीय सेनाका दुवै प्रधानसेनापतिलाई एक-अर्काको देशको सेनाको मानार्थ प्रधानसेनापति दिने, गोर्खा भर्ती गर्ने, खुला सीमा, धार्मिक सम्बन्धलगायत दर्जनौं सम्बन्ध आपसमा जेलिएका छन्।

## साताको सात बात



आउँदो तीन वर्षभित्र नेपाललाई अतिकम विकसित राष्ट्रको सूचीबाट विकासोन्मुख राष्ट्रमा उक्लिने ध्येयमा मेरो नेतृत्वको सरकार केन्द्रित हुनेछ। विश्व राजनीतिमा नेपालले तटस्थता कायम राख्दै चीनको 'वेल्ट एन्ड रोडको योजना' र भारतको 'सबैको साथमा सबैको विकास गरिने' नारा नेपालको हितमा छ। **केपी ओली, प्रधानमन्त्री**



जनकपुरमा विकासका कामहरू पहिले पनि भइरहेको थियो। अहिले मोदीको भ्रमणका लागि तत्काल गर्नुपर्ने कामहरू गरिएको हो। प्रदेश नम्बर दुईमा मोदीले भ्रमण गर्दा उक्त प्रदेशको विकासमा टेवा पुग्छ। उहाँ आएपछि विकासका केही योजना र प्याकेज घोषणा हुनसक्ला। **राजेन्द्र महतो, नेता, राष्ट्रिय जनता पार्टी नेपाल**



नेपाल-भारत सम्बन्धलाई राम्रो बनाउनका लागि बाधा अवरोध पन्छाएर अगाडि बढ्नुपर्छ। ओली र मोदीबीचमा राष्ट्रहितबाहेक अरू कुरा भएको छैन र हुँदैन। नेपाल-भारतबीचको सम्बन्ध विगतमाभन्दा अहिले सुदृढ भएको छ। यसलाई सकारात्मक रूपमा लिनुपर्छ। **लालबाबु पण्डित, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री**



नेपाल र भारतको सम्वन्धमा रहेका समस्याको चर्चा गर्दा हाम्रै पक्षमा भएको दृष्टिकोणको कमजोरी र हीनताग्रन्थीको एउटा प्रवृत्तिलाई पनि ध्यान दिनुपर्छ। हामीले हाम्रो मित्रसँग सौहार्दपूर्ण सम्वन्ध कायम गर्नुपर्छ, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय हित विपरीत छैन भने जायज चासो र सरोकारलाई सम्बोधन गर्न तत्परता पनि देखाउनुपर्छ। **नारायणकाजी श्रेष्ठ, नेता, माओवादी केन्द्र**



स्वदेशमा लगानीको अभाव हुँदा विदेशबाट लगानी भित्र्याएर कैयौं देशले आर्थिक समृद्धि गरेका छन्। नेपाल सरकारले पनि पटकपटक विभिन्न सभा, सम्मेलन गरेर वैदेशिक लगानी भित्र्याउने प्रयास गरेको पाइन्छ। वास्तविकतामा भने नेपालको वैदेशिक लगानी उत्साजनक छैन। **पशुपति मुरारका, व्यवसायी**



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरको धार्मिक भ्रमणलाई प्रदेश २ को महोत्सवका रूपमा मनाउन प्रदेश सरकारले त्यस दिन सार्वजनिक बिदाको घोषणा गरेको छ। त्यस दिन आठवटै जिल्लाबाट लाखौंको संख्यामा सर्वसाधारणको सहभागिता रहने गरी तयारी भएको छ। **लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २**



मोदीको भ्रमण हुनु जनकपुरका लागि ऐतिहासिक क्षण हो। मोदीको जनकपुर भ्रमण धार्मिक उद्देश्यले हुन लागेको हो। अब नाकाबन्दीको गन्ध आउनु हुन्न। त्यो विभेदमा परेका, बञ्चिकृत नागरिकको संविधानप्रति असन्तुष्टिको अभिव्यक्ति स्वरूप आन्दोलन थियो। **लालकिशोर साह, मेयर, जनकपुर उपमहानगर**

# भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणको शैली

## विचार-विश्लेषण



उपेन्द्र झा

विगत दुई वर्षदेखि नेपाल-भारतको सम्बन्धमा आएको तिक्तताका मुख्य पात्र वर्तमान प्रधानमन्त्री के.पी. शर्मा ओली हुन्। मधेशले गरेको नाकाबन्दी आन्दोलनलाई भारतले गराएको भनेर आरोपित गरी नेपालको अन्धराष्ट्रवादी शक्तिलाई संगठित पार्ने ओलीको कूटनीतिक चाललाई सबैले जानेकै छन्। सो चालमा सफल भई अहिले सशक्त सरकार बनाउन सफल ओली भारततिरको खतरालाई न्यूनीकरण गर्न अनेक विधि अपनाएका छन्। चीनको सहयोगमा ओलीले नेपालमा भएको तीन तहको (स्थानीय, प्रदेश सभा तथा प्रतिनिधि सभा) चुनावमा अपार सफलता पाएर देशलाई एमालेमय पारी अहिले बहुमतको सरकार बनाएका छन्।

बाम गठबन्धनको सरकार बनाएर चैतको पहिलो साता भारतको भ्रमणमा जाँदा ओली भारतीय प्रधानमन्त्रीबाट सोच्दै नसोचेको पीएचडीको उपाधिबाट सम्मानित भएका छन्। खगेन्द्र संग्रौलाले "छुछुन्द्रोको शीरमा चमेलीको तेल" भनेर टिप्पणी पनि गरेका छन्। कुनै बेला भारतको एकदम निकट मानिने केपी शर्मा ओलीले विगत दुई वर्षदेखि भारतको विरोधी भएर चीनको एकदम निकट हुन पुगे। चीनसँगको सम्बन्ध यति प्रभावकारी भयो कि एमाले चुनावमा बलियो पार्टीको रूपमा उदायो। कुनै बेला राज्यलाई चुनौती दिने प्रचण्ड अहिले एमालेको घोर समर्थक भई एमालेसँग पार्टी एकता गर्ने निर्णय गरिसकेका छन्। चीनसँग गहिरो सम्बन्ध भइसकेपछि नै ओलीले भारतलाई चुनौती दिएका थिए। खुला सिमाना जोडिएको भारतसंगको तनाव निश्चय नै ओलीको सरकारको ठूलो चुनौती हुने देखेर ओलीले भारत भ्रमण गरी भारतलाई अरूण तेश्रो, अपर कर्णाली दिएर खुशी पारेर आए। उनले पनि सिमानाको रेललाई नेपालभित्र लिंक जोडिदिने आश्वासन दिए।

दुई महाशक्ति देशलाई असन्तुलित पारेर शक्ति सन्तुलन बनाउन खोज्नु आफ्नो सरकारको आयु लम्ब्याउने प्रधानमन्त्री के.पी. शर्मा ओलीको रणनीति होला, तर भारतलाई खुशी पार्दा चीनको प्रभावको कटौती हुने खतरा पनि छ। लामो रूखलाई धेरै हावा लागे जस्तै ओलीको बलियो सरकार सामू चुनौती पनि धेरै छन्। खेमा परिवर्तनबाट रिसाएका युरोपियन युनियनको प्रहार एकातिर छ भने सन्तुष्ट हुन नसकेको खण्डमा भारततिरको खतरा पनि छ। नेपाल सन्दर्भमा रणनीतिक रूपमा बढेको चीनलाई कुनै अवरोध खडा भयो भने उसँगको सम्बन्ध टुट्ने खतरा पनि छ। विकास कार्यमा अभय योगदान दिई रहेको चीनलाई नेपालको सरकार कुनै हालतमा चीनसँगको गहिरो सम्बन्धलाई बिगार्न चाहँदैन। केपी शर्मा ओली भारत भ्रमणमा रहेको बेला परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली चीन भ्रमणमा रहँदा केरूङ - काठमाण्डौ - पोखरा - लुम्बिनी रेलमार्ग बनाउने विषयमा चीन आतुर रहेको कुरालाई कार्यरूप दिने जानकारी दिइरहेका थिए। नेपालको समग्र विकासमा सहयोग गर्ने चीनको गहिरो इन्टरेस्टलाई ओली सरकारले तत्काल कुनै किसिमको अवरोध देखाएर समाप्त पार्न चाहन्न। चीनले भनेको कुरा गरेर देखाउने आँट राखेको विश्वास ओलीसँग रहेकोले चीनलाई यसरी सहजै छोड्न ओलीको लागि मुश्किलै पर्ला। यता चीनको बढ्दो प्रभावमा अरू शक्तिकेन्द्र विस्थापित भइरहेको असन्तुलन छँदैछ।

विगतकालमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको सिलसिलामा जनकपुर, लुम्बिनी र मुक्तिनाथको भ्रमण सुरक्षा खतरा देखाएर रद्द गरिएको घटना ताजै छ। सो को पुनरावृति नहोस् भनेर नेपाल सरकारको सुरक्षा व्यवस्थाबाहेक आफ्नै सुरक्षा निकायबाट भ्रमणको सारा इन्तजाम तय गर्ने उद्देश्यले पठाएर तहकिकात गराएका छन्। सुनिन्छ, नेपाल सरकारको निमन्त्रणामा आउने भारतीय प्रधानमन्त्री सैनिकको विशेष हेलीकप्टरद्वारा सोझै जनकपुर आउने कार्यक्रम छ। त्यसपछि लुम्बिनी र मुक्तिनाथको दर्शन गरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी फर्किने कार्यक्रम राखिएको सुनिन्छ।

नेपालको कूटनीतिक भ्रमणभन्दा पनि पारस्परिक सम्बन्धको प्राकृतिक स्वरूपलाई पुनर्स्थापित गर्न मोदीको भ्रमणको विशेषता देखिएको छ। चीनको भारतसँगको मित्रतापूर्ण वैरभाव नेपाल सन्दर्भमा कति बढेर गयो भन्ने मापनका लागि पनि मोदीको आफ्नै किसिमको भ्रमण कार्यक्रम तय भएको छ। नेपालको प्रधानमन्त्री भारतपछि चीनको भ्रमणमा जानबाट रोक्न मोदीले नेपाल भ्रमण गरेको छ भन्ने एकथरिको विश्लेषण छ। तर मोदीको नेपाल भ्रमणबाट धेरै उत्साहित हुने बुद्धिजिवीहरूको जमात पनि ठूलो छ। नेपाल भारतको बिग्रिरहेको प्राकृतिक सम्बन्ध सुधारियोस् भन्ने शुभ चिन्तकका लागि मोदीको यो भ्रमण धेरै उत्साहजनक छ।

भारतका कट्टर आलोचक पक्षले मोदीको भ्रमणलाई किञ्चित पनि रूचाएको छैन। मोदीलाई अश्लील शब्दमा गाली गरेर अपमानजनक व्यवहार गर्ने भनेर कतिले अभिव्यक्ति दिएका छन्। चीनको प्रभावलाई मूलमन्त्र मान्नेहरूको यस्ता अपमानजनक वक्तव्यहरू आउने गरेको छ। तर नेपालको अस्तित्वलाई अक्षुण्ण राख्न शक्ति सन्तुलनको सिद्धान्त आवश्यक रहेकोले शुभचिन्तक बुद्धिजीविको विश्लेषण सान्दर्भिक छ।

नेपालमा अहिले युरोपियन युनियनको हस्तक्षेपकारी सक्रियता बढेर एउटा तनावको स्थिति सृजना भएको छ। सरकारले उनलाई करेक्शन नगरेको खण्डमा देश छोड्ने आदेश दिन सक्ने धमकी दिएपनि उसको दह्रो अडान कायमै छ। नेपाल शक्तिकेन्द्रको अभ्यास स्थल हो र यसमा अरू जस्तै युरोपियन युनियनले पनि आफ्नो बलियो स्थान बनाएर बसेको छ। साँगठनिक सशक्तताको आधारमा सरकारलाई चुनौतीसम्म दिन सक्ने क्षमता राख्ने युरोपियन युनियन (लोकतान्त्रिक शक्तिकेन्द्र) अहिले नेपालमा हस्तक्षेपकारी भूमिकामा रहँदा लोकतान्त्रिक देशहरू पक्ष वा विपक्ष कुन कित्तामा उभिने सबैको जिज्ञासा रहेको छ।

नेपालमा चीनको प्रभावलाई कटौती गर्ने भारत, अमेरिका लगायत लोकतान्त्रिक देशहरूको साझा चाहना रहेको, नेपालमा हिन्दू राष्ट्र माग गर्ने उठिरहेको सशक्त जन आवाजलाई समर्थन र विरोधको कित्तामा भारत चीन एउटै कित्तामा देखिन सक्ने सम्भावनालाई हेर्दा विचारभन्दा ईस्यूको आधारमा शक्तिकेन्द्रहरू रोल प्ले गर्ने अवस्था देखिन्छ। नेपालको भलोभन्दा के गर्दा आफ्नो स्वार्थ पूरा हुने शक्तिकेन्द्रको चाहना रहेकोले सोही बमोजिमको भूमिका बढाउने चाहना पनि सबैले लिएका छन्। विकसित र शक्तिशाली देशहरू पारस्परिक प्रतिस्पर्धामा आफ्ना एकाधिकार कायम गर्ने चाहना अनुरूप विश्वको राजनीतिलाई प्रभावित गरि रहेको, अविकसित तथा गरिब मुलुकहरूलाई आफ्नो प्रभावमा लिई शक्ति संचय गर्ने होडबाजी चलिरहेको, को कहाँ कति शक्ति संचय गरी आफ्नो प्रभाव जमाउन सक्षम भएको आदि कुराहरूप्रति प्रतिस्पर्धा गर्ने शक्ति देशहरू नेपाल सन्दर्भमा समान रूपमा क्रियाशील देखिएका छन्। एउटै खेमामा देखिने शक्तिकेन्द्र नेपालमा उठिरहेको मुद्दा अनुसार भूमिका परिवर्तन गर्ने स्थिति पनि रहेको छ। नेपालको राजनीतिमा सरकारको समर्थनमा कम्युनिष्ट देशहरू एक ठाउँमा वा लोकतान्त्रिक देशहरू एक ठाउँमा भएर सरकारको पक्ष वा विपक्षमा उभिने अवस्था देखिदैन। ईस्यूको आधारमा आफ्नो फायदा कहाँ हुने भन्ने विषयलाई प्राथमिकतामा राखेर खेमा छान्ने शक्तिकेन्द्रको बानी देखिएको छ।

दुई महाशक्ति देशबीचमा नेपाल प्राकृतिक आकर्षणका साथ सजिएको अविकसित र गरिब मुलुकको रूपमा अवस्थित छ। चीन भारतको नेपाल सन्दर्भको प्रतिस्पर्धामा युरोपियन देश तथा अमेरिका पनि सामेल रहेको घटनाहरूले देखाएको छ। चीनको समृद्धि अहिले सबैको लागि चुनौती बनेको छ। नेपालमा चीनको बढ्दो प्रभावलाई निस्तेज गर्न स्वाभाविक ढंगले लोकतान्त्रिक देशहरू सक्रिय रहेको देखिएको छ।

विगत समयमा जेजति कारणले नेपाल भारतको सम्बन्धमा आएको तनावलाई कम गर्न भारतले कुटनीतिक पहलबाट नै हल गर्ने रणनीति लिएको देखिन्छ। स्वाभाविक पनि हो। चीनको प्रभाव अहिले नेपालको जनजीवनमा समाहित भइरहेको अवस्थामा भारतको प्रभावलाई नरम रूपमै संचारित गर्ने कोशिश कति कारगर होला, प्रायोगिक रूपमा प्रमाणित हुनेछ। भारतबाट असन्तुष्ट रहेका शक्ति कडा प्रतिवादमा जाने सरकारलाई दबाव रहेपनि राष्ट्रिय परिस्थिति भने सो व्यवहार गर्ने अनुमति दिदैन। मर्यादित कूटनीतिक सम्बन्ध कै माध्यमबाट सम्बन्ध सुधार्ने प्रयास गर्नु पर्ने बुद्धिजीवीहरूको सुझावको सान्दर्भिकता रहेको सरकारको मान्यता हो।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत भ्रमणमा रहेको नेपालका प्रधानमन्त्री के.पी.शर्मा ओलीलाई उत्कृष्ट उपाधिबाट सम्मानित गरि नेपालप्रति भारतको धारणा कति आदरणीय रहेको

> नेपाल-भारतको गहिरो प्राकृतिक सम्बन्धलाई अन्य कसैको प्रभावमा सजिलै तोड्न कठीन छ। धर्म, संस्कृतिको आधारमा शताब्दियौंदेखि जोडिएको गहिरो मैत्री सम्बन्ध सहजै समाप्त हुन मुश्किल छ। चीनबाट प्रभावित भई नेपालले चाहेर पनि भारतसँगको सम्बन्ध तोड्न कठीन रहेकोले सम्बन्ध सुधारको विकल्प नै छैन।

देखाएको छ। नेपाल र भारतको प्राकृतिक सम्बन्धमा परिस्थितिबश आएको तनावलाई कूटनीतिक तवरले हटाउन जरूरी छ। नेपाल भारतको गहिरो प्राकृतिक सम्बन्धलाई अन्य कसैको प्रभावमा सजिलै तोड्न कठीन छ। धर्म, संस्कृतिको आधारमा शताब्दियौंदेखि जोडिएको गहिरो मैत्री सम्बन्ध सहजै समाप्त हुन मुश्किल छ। चीनबाट प्रभावित भई नेपालले चाहेर पनि भारतसँगको सम्बन्ध तोड्न कठीन रहेकोले सम्बन्ध सुधारको विकल्प नै छैन।

विगतको क्रियाकलापबाट भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर, लुम्बिनी र मुक्तिनाथको भ्रमण रद्द भएकोले यसपाली भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो कडा सुरक्षा व्यवस्थाका साथ सोझै जनकपुर आउने कार्यक्रम राखेकोमा कूटनीतिक मर्यादाको कारण देखाएर सरकारले आफ्नो तालिका अनुसार नरेन्द्र मोदीको कार्यक्रम तय गर्ने हिम्मत गर्न सकेन र भारतीय प्रधानमन्त्रीको भ्रमणको यो फरक शैली सम्बन्धमा कुनै किसिमको टिका टिप्पणी पनि सरकारको पक्षबाट बाहिर आउन सकेन।

janukjha24@gmail.com

## सम्पादक अहिराजलाई...

राष्ट्रपति भण्डारीले सो पुरस्कार प्रदान गरेकी हुन्। यस्तै, सोही समारोहमा वरिष्ठ पत्रकार सम्मान बबिता बस्नेत, कौशल चेम्जोङ र मीनबहादुर बुढाथोकीलाई प्रदान गरिएको थियो। पुरस्कार तथा सम्मानको राशी जनही दुई/दुई लाखको रहेको छ।

आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबारमा बसेको बैठकमा यसवर्षको राष्ट्रिय पत्रकारिता पुरस्कार नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष डा. महेन्द्र विष्ट र डा. अहिराजलाई दिइने तथा वरिष्ठ पत्रकार सम्मान बबिता बस्नेत, कौशल चेम्जोङ र मीनबहादुर बुढाथोकीलाई सञ्चार राज्यमन्त्री गोकुल बाँस्कोटाले घोषणा गरेका थिए।

राष्ट्रिय एकता, राष्ट्रियता, मधेशवाद र समग्र नेपालको हितलाई केन्द्रविन्दूमा राखी पत्रकारिता गर्दै आउनुभएका डा. अहिराजलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यस वर्षको राष्ट्रिय पत्रकारिता पुरस्कार दिने घोषणा गरेको थियो।

**को हुन् डा. अहिराज ?**

रौतहट जिल्लाको संग्रामपुर-४ मा वि.सं. २०३६ जेष्ठ ६ गते बुवा नरेन्द्र झा र आमा मालती झाको कोखबाट जेष्ठ सुपुत्रको रूपमा जन्मिएका डा. अहिराजले वि.सं. २०७२ मा त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा "मधेश आन्दोलन र मधेशवादको विकासक्रम" विषयमा विद्यावारिधि पूरा गरेका छन्। यस्तै, वि.सं. २०६७ देखि कानून व्यवसायीको रूपमासमेत सक्रिय रहँदै आएका छन्। वि.सं. २०५१ सालदेखि संकेत साप्ताहिक, परिचर्चा साप्ताहिक, जेहाद साप्ताहिक, राष्ट्रिय समाचार समिति, हिमालय टाइम्स्, हिन्दूस्तान टाइम्स हुँदै आफ्नै सम्पादन र प्रकाशनमा मधेशवाणी राष्ट्रिय साप्ताहिक वि.सं. २०६१ देखि प्रकाशन गर्दै आउनुभएको छ। उहाँ श्रीलंका, लेबनान, चीन र दुबई लगायतका मुलुकहरूसमेत भ्रमण गरिसकेका छन्। नेपाली सञ्चार माध्यमहरूमा राष्ट्रिय एकता, समृद्धि र समानताका निमित्त सयौं लेखरचना, कार्यपत्र र अन्तर्वार्ताहरू सार्वजनिक भइसकेको छ।

मिति २०७० माघ २८ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगको स्थापना दिवसमा भ्रष्टाचार विरूद्धको सामग्री सम्प्रेषण गरेवापत तत्कालीन राष्ट्रपति डा. रामवरण यादवद्वारा सम्मानित भएका छन्। यस्तै, वि.सं. २०७३ असोज ६ गते राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रेस काउन्सिल सशक्त सञ्चारकर्मी पत्रकारिता पुरस्कार २०७३' प्राप्त गरेका छन्। उनी वि.सं. २०७४ असोज ८ गते राष्ट्रपति विद्यादेवी भण्डारीबाट नेपाल विद्याभूषण 'क'बाट समेत विभूषित भइसकेका छन्। यस्तै, विभिन्न संघसंस्थाबाट पत्रकारिता सम्बन्धी पुरस्कारहरू पनि प्राप्त गरिसकेका छन्।

# मोदीको भ्रमणलाई तीर्थयात्रामै सीमित राख्दा सम्बन्ध सुमधुर हुन्छ

नेपाल-भारतबीचको सम्बन्धका आयामहरू अन्नगिन्ती छन् । गन्न बसियो भने दिनभरि लाग्छ । मूलतः सांस्कृतिक, धार्मिक, सामाजिक लगायत कुनै पनि एउटा यस्तो पक्ष छैन जुन नेपाल र भारतको सम्बन्धमा छैन । यो एउटा राजनीतिक सम्बन्ध मात्रै होइन, दुई देशबीचको विशिष्ट सम्बन्ध छ । त्यसकारण, यसलाई अलि भिन्न ढंगले हेरिएको पनि छ ।



श्रीकृष्ण अनिरूद गौतम

राजनीतिक विश्लेषक

**० भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफ्ना एकै कार्यकालमा तेस्रो पटक नेपाल भ्रमण गर्ने पहिलो भारतीय प्रधानमन्त्री हुनुहुन्छ, तसर्थ उहाँको यो भ्रमणलाई कसरी हेर्नु पर्छ ?**

– यो भ्रमणलाई हामीले भ्रमणकै रूपमा हेर्नुपर्छ । यो भ्रमणलाई आश्चर्य मान्नुपर्ने कुरा होइन । भारत र नेपालका सरकार प्रमुखहरू आउनु-जानु भन्ने कुरालाई वास्तवमा सामान्य नै मान्नुपर्छ । दुई देशबीच एउटा विशिष्ट सम्बन्ध छ । विगतमा अलि टाढिएको महसुस भइरहेको थियो, यसरी भ्रमणहरू भइरहनु, एकै कार्यकालमा तीन/चार पटक आउनु वा वर्षै पिच्छे आउनुलाई अन्यथा मान्न सकिँदैन ।

**० नरेन्द्र मोदी प्रधानमन्त्री हुनुअगाडि करिब १७ वर्षसम्म नेपालमा कुनै पनि भारतीय प्रधानमन्त्रीले भ्रमण गरेका थिएनन्, यसलाई कसरी लिनुहुन्छ ?**

– यहाँ मान्छेहरूले १७/१८ वर्ष पछि भारतीय प्रधानमन्त्रीको भ्रमण भयो भन्ने भन्छन् तर १३ वर्षपछि भएको थियो । तत्कालीन भारतीय प्रधानमन्त्री अटलबिहारी बाजपेयी सार्क सम्मेलनका बेला आउनुभएको थियो । सार्क सम्मेलनको भ्रमणलाई मान्ने हो भने १२/१३ वर्षपछि भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमण भएको भन्न मिल्छ । वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीको यो भ्रमणलाई तेस्रो पटकको भ्रमण भन्छन्, तर राजकीय भ्रमण दोस्रो पटक हो ।

**० कसै कसैले यो भ्रमणलाई प्रधानमन्त्री केपी शर्मा ओलीले गत महिना गर्नु भएको भारत भ्रमणको जबाबी भ्रमण हो भन्ने गरेका छन्, वास्तवमा यो कस्तो भ्रमण हो ?**

– हेर्नलाई प्रतिउत्तर भ्रमण नै बुझिन्छ । गत महिना प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा जानुभएको थियो, त्यहीं उहाँले निम्तो दिनुभएको थियो । अर्थात् मोदी नेपाल आउनु हुने कुरामा उहाँ प्रतिक्षारत् हुनुहुन्थ्यो होला । किनकि प्रथम भ्रमण र दोस्रो भ्रमणमा पनि भारतीय प्रधानमन्त्री मोदीका केही कुराहरू थाँती रहेका थिए । त्यो हो जनकपुरधाममा माता जानकीजीको दर्शन र मुक्तिनाथ दर्शन । लुम्बिनी पनि जाने उहाँको इच्छा थियो तर यसपालि पनि लुम्बिनी परेन । शायद आउने समयमा जानुहोला । खासगरी, यो भ्रमण भनेको त्यतिखेर स्थगित रहेको कुराहरूलाई कार्यान्वयन गर्नका लागि भएको भन्ने देखिन्छ ।

**० वस्तुतः मोदीको यो भ्रमण धार्मिक वा सांस्कृतिक मात्र हो कि यस भित्र रणनीतिक उद्देश्य पनि लुकेको छ ?**

– यसको मुख्य उद्देश्य सांस्कृतिक अन्तर सम्बन्ध नै हो । उहाँको आफ्नो हार्दिक झुकाव जुन छ त्यो तत्परता प्रतिविम्बित भएको छ । कुनै पनि राजकीय कार्यमा रणनीति समावेश भएकै हुन्छ । रणनीतिभन्दा बाहिर बसेर राजकीय भ्रमणहरू हुने गर्दैन । आजको विश्व परिवेशमा भारतका प्रधानमन्त्री आउँदा रणनीतिक महत्व छैन भन्न मिल्दैन ।

**० मोदी यसपटक जनकपुरबाट नेपाल प्रवेश गर्दै हुनुहुन्छ, काठमाडौंबाहेकको ठाउँबाट सरकार प्रमुखले नेपाल प्रवेश गर्नु भनेको संघीयतालाई अनुमोदन गर्नु हो ?**

– संघीय अनुमोदन भन्ने कुरा कहाँबाट आयो ? जनकपुर आउँदा संघीयतालाई अनुमोदन भन्ने अर्थ किन निकालिन्छ ? यो भ्रमणसँग संघीयता अनुमोदनको खासै केही सम्बन्ध छैन । अहिले नेपाल संघीयतामा गएको छ । जनकपुर एउटा प्रदेशअन्तर्गत पर्दछ र सौभाग्यवश जनकपुर प्रदेशको राजधानी पनि हो र त्यहीको राजधानीमा जानकी मन्दिर पनि छ । जनक नन्दिनी सीताको त्यहीं जन्म भएको हो । त्यहाँ जानकी मन्दिर हुनु ठूलो कुरो हो । यसले गर्दा संघीयताको अनुमोदन इत्यादि खासै महत्व राख्दैन ।

**० यो भ्रमणको एजेन्डा के हुने भन्ने बारे कुनै पनि देशले सार्वजनिक गरेको छैन, त्यसो भए मोदी एजेन्डाविहीन भएर आउन लागेका हुन् ?**

– हिजो केपी ओली जाँदा पनि केही एजेन्डा थिएन, सद्भावना भ्रमण मात्रै हो भनिएको थियो । यो पनि सद्भावनाकै आदान-प्रदान हो । सद्भावनाको आदान-प्रदानमा उहाँले तिर्थाटन पनि गर्दै हुनुहुन्छ र सँगसँगै काठमाडौंमा बसेर सरकार र राजनीतिक दलका नेताहरूसँग कुराकानी पनि गर्दै हुनुहुन्छ । यो भ्रमणको मूल सन्देश धार्मिक भ्रमण नै हो । यसलाई धेरै उछालियो भने धेरै विवाद हुन्छ । यस भ्रमणलाई तीर्थयात्रामै सीमित राखियो भने दुई देशबीचको सम्बन्ध सुमधुर भएर जान्छ ।

**० नेपाल र भारतको सम्बन्ध निकै उतार चढावको रहेको छ । तर मोदी प्रधानमन्त्री भएपछि सम्बन्धमा सुधार आएको विश्लेषण गरिन्छ । तपाईंलाई कस्तो लाग्छ ?**

– नरेन्द्र मोदी भारतको प्रधानमन्त्री भएदेखि नेपाल र भारतबीचको सम्बन्ध कहिल्यै नपुगेको उचाईमा पुग्यो । इतिहासमै यतिको उचाईमा पुगेको थिएन । मोदीकै कार्यकालमा सबैभन्दा तल पनि झर्‍यो ।

**० मोदीको यो पटकको भ्रमणबाट सम्बन्धमा कस्तो खालको प्रगति होला ?**

– मोदीको यसपटकको भ्रमणबाट सम्बन्धमा कस्तो खालको प्रगति होला भन्ने हिसाव अहिले त हेरिएकै छैन, हेर्न त बाँकी नै छ । भारतको कर्नाटकमा चुनाव हुँदैछ र सन् २०१९ मा प्रधानमन्त्रीका लागि पनि चुनाव हुँदैछ । त्यसैले मोदीका लागि ठूलो परीक्षाको विषय हो । उहाँले आफ्नो कार्यकाल पूरा गर्दै हुनुहुन्छ । यो भ्रमण आउने कार्यकालका लागि एउटा प्रस्थान विन्दू हुनसक्छ ।

**० विशेषतः नेपाल-भारतबीचको सम्बन्धका आयाम के-के हुन् ?**

– नेपाल-भारतबीचको सम्बन्धका आयामहरू अन्नगिन्ती छन् । गन्न बसियो भने दिनभरि लाग्छ । मूलतः सांस्कृतिक, धार्मिक, सामाजिक लगायत कुनै पनि एउटा यस्तो पक्ष छैन जुन नेपाल र भारतको सम्बन्धमा छैन । यो एउटा राजनीतिक सम्बन्ध मात्रै होइन, दुई देशबीचको विशिष्ट सम्बन्ध छ । त्यसकारण, यसलाई अलि भिन्न ढंगले हेरिएको पनि छ ।

**० आगामी दिनमा दुवै देशबीचको सम्बन्ध अझ बलियो र प्रगाढ बनाउन दुवै देशको तर्फबाट के कस्ता पहल हुनु आवश्यक छ ?**

– दुवै देशका सरकारहरू अथवा राज्यका प्रतिनिधि गर्नेहरूको कुरा मिल्यो भने सम्बन्ध सुमधुर भयो भन्ने ठान्छन् । यद्यपि, सम्बन्ध सुमधुर भएको हुँदैन । सम्बन्ध सुमधुरका लागि यहाँका जनताको मन भारतलाई लिएर खुशी हुनुपर्छ र भारतका जनताको मन नेपाललाई लिएर खुशी हुनुपर्छ । नेपालप्रतिको प्रगाढता भारतका जनतामा हुनुपर्छ । त्यसैगरी, नेपालका जनतामा भारतप्रति प्रेममा प्रगाढता हुनुपर्छ । त्यसलाई सम्बन्ध राम्रो भएको भन्न सकिन्छ । तर, प्रधानमन्त्रीहरूले भारतमा आतिथ्यता प्राप्त गर्छन् त्यसले सम्बन्ध सुमधुर भएको हो र उचाईमा पुगेको हो भन्छन्, त्यो होइन । त्यो अर्कै खालको सम्बन्ध सुमधुर भएको हो । वास्तविक रूपमा सम्बन्ध सुमधुर हुनलाई यताका जनता र उताका जनताबीच प्रेमपूर्ण सम्बन्धमा प्रगाढता आएको हुनुपर्छ ।

**० नेपालका राजनीतिक दल र नेताहरू भारतसँगको सम्बन्धको विषयमा बेला-बेला आफ्नै प्रकारले व्याख्या गर्छन् । आफ्नो अनुकूल भएपछि भारतलाई मित्र नै ठान्छन्, यो प्रवृतिगत स्वभावले सम्बन्धमा खटपट ल्याएको हो ?**

– भारतको संस्थापन पक्षको जहिले पनि हेराई के हुन्छ भने यहाँका दुई/चार जना टाउके-टाउकेलाई समाएपछि उनीहरूसँग मुख मिलेपछि सम्बन्ध राम्रो भयो भन्ने ठान्ने गरेको छ । उनीहरूबीच खटपट भएको हुन्छ, त्यसलाई उनीहरू सम्बन्ध बिग्रियो भन्ने प्रचार गर्छन् । तर, जनता, नागरिक समाज र मिडियासँग पनि सम्बन्ध कायम गर्‍यो भने सम्बन्ध खटपट हुँदैन । त्यतातिर भारतले पनि प्रयत्न गरेको पाइँदैन । यद्यपि नेपालमा सौहार्दता निर्माण गर्न भारतले बढी पहल गरेको देखिन्छ ।

**० नेपालले चीनसहितको त्रिदेशीय समझदारीको पनि कुरा गर्दै आएको छ, यसमा भारतीय दृष्टिकोण के पाउनु भएको छ ?**

– यसप्रति भारत त्यति मुखरित छैन । भारतले यसलाई सुनिरहेको मात्र छ, त्यति प्रतिक्रिया दिइरहेको छैन । हामीले त्रिदेशीय भनिरहँदा भारतको अगाडि अरू विकल्पहरू पनि छन् । नेपालीहरू के ठान्दछन् भने भारत र चीनको बीचमा हामी मात्रै छौं । तर, त्यस्तो होइन । चीनसँग भारतकै सिमाना जोडिएका छन् धेरै ठाउँमा । हामी त बीचमा मात्रै पर्छौं । उनीहरूको सोझै आदान प्रदान हुने ठाउँहरू प्रशस्तै छन् । एउटा कुरा हामीले के बुझ्नुपर्छ भने भारतले पनि केही विकल्पहरूको बारेमा सोच्छ होला । त्यसप्रति आकर्षित गर्ने कला नेपालसँग छ कि छैन, त्रिदेशीय समझदारीका लागि नेपालसँग शीप छ कि छैन भन्ने कुरा पनि हेर्नुपर्छ । चीन र भारतबीच व्यापार त भइरहेकै छ ।

**० त्रिदेशीय समझदारी साँच्चिकै नेपालले उठाउन खोजेको हो कि केवल कुटनीतिक प्रोपोगण्डा मात्र हो ?**

– यो कुटनीतिक प्रोपोगण्डा मात्रै होइन होला । त्रिदेशीय आदान प्रदान हुन थाल्यो भने नेपाल त्यसबाट लाभान्वित हुन्छ भन्ने कुरा प्रष्टै छ । त्यसैका लागि यो कुरा आएको हुनुपर्छ ।

**० वर्तमान वाम गठबन्धनप्रति भारत लचिलो भएको देखिन्छ । स्वयं मोदीले ओलीलाई दुई/दुई पटक फोन गर्नु, भारत भ्रमणका लागि निम्तो दिनु भनेको भारतले वाम सरकारसँग मिलेर जान खोजेको हो कि यो एक-अर्कोको बाध्यता हो ?**

– अब यहाँ वाम गठबन्धनको सरकार छ भने भारतले के गरोस् । पूरै वहिष्कार गरेर बस्नुभएन, यो निर्वाचित सरकार हो । यसमा उसको रणनीतिक अथवा सामरिक स्वार्थ पनि छ । कुनै न कुनै ढंगबाट सम्बन्ध त राखि नै राख्नुपर्छ । त्यसैले, भारत लचिलो भएको भन्न मिल्दैन, भारत आफ्नो ठाउँमा यथावत् त छ नै ।

**० हिजोको केपी ओली र आजको केपी ओलीलाई हेर्ने दृष्टिकोणमा भारतीय सोचमा परिवर्तन भएको छ ?**

– केपी ओलीलाई भारतले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको हो कि होइन भन्न सकिँदैन । र आएको पनि छैन होला । यहाँका प्रधानमन्त्री केपी ओली भएपछि उहाँलाई छोडेर जान भएन । तर, केपी ओलीको सोचमा परिवर्तन आएकै हो ।

# मोदीको भ्रमणबाट पर्यटकीय विकासमा सघाउ पुग्छ

नरेन्द्र मोदीको सिधा जनकपुर भ्रमणले पनि के संकेत गर्दछ भने हामीमा आफ्नोपनको आभाष भइरहेको छ । हेर्दा त यो धार्मिक लागिरहेको छ तर यो धार्मिक मात्र नभई पारिवारिक सम्बन्ध पनि हो ।



राम अशिष यादव

प्रदेश सभा सांसद, संघीय समाजवादी फोरम

**० भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको स्वागतको तयारी कसरी भइरहेको छ ?**

– संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार-यी तीनै सरकारको सहयोगमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरमा भव्य तरिकाले स्वागतको तयारी भइरहेको छ । जनकपुरबासी मोदीलाई स्वागत गर्न आतुर छन् । प्रदेश सरकारले मन्च व्यवस्थापनदेखि अन्य थुप्रै कामहरू गरिरहेको छ । स्थानीय सरकारले पनि सरसफाईदेखि लिएर सडक मर्मत, रंगरोगनका काममा व्यस्त छ । समग्रमा संयुक्त रूपमा भ्रमणको तयारी भइरहेको छ र हामी भ्रमणलाई कसरी सफल पार्ने त्यसतर्फ हामी लागिरहेका छौं

**० मोदीबाट जनकपुरबासीले कस्तो अपेक्षा राखेका छन् ?**

– भारतसँग जनकपुरधामको दिर्घकालीन सम्बन्ध रहेको छ । नेपाल-भारत सम्बन्धलाई अझ मजबुत बनाउने कडिको रूपमा जनकपुरधामलाई लिन सकिन्छ । मोदी जानकी माताको कृपाले पहिलो पटक जनकपुरधाम आउँदै हुनुहन्छ । यसबाट नेपाल-भारत सम्बन्ध अझ प्रगाढ हुनेछ । यसको कारणले पर्यटन व्यवसाय बढ्ने पनि निश्चित देखिन्छ ।

**० खासमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबाट राखेको अपेक्षा के हो ?**

– स्वभाविक रूपमा भन्नुपर्दा जनकपुरको विकासका लागि भारतले ठूलो भूमिका निर्वाह गरेको छ । जनकपुरको विकासमा नेपाल सरकारभन्दा भारतको योगदान बढी छ । जनकपुरबासी त अझ के कुरामा खुशी छन् भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले जानकी मन्दिरमा एकैसाथ रामायण सर्किटको शिलान्यास गर्नुहुनेछ । जुन सरकारलाई हामी विभेदकारी भन्दै थियौं त्यही सरकार आएर रामायण सर्किटको संयुक्त रूपमा शिलान्यास गर्दैछ । यसबाट जनकपुरबासीले विकासको राम्रो संकेत देखेका छन् ।

**० मोदीको यस भ्रमणबाट नेपाल-भारत सम्बन्ध मात्रै सुदृढ हुन्छ कि मधेश र काठमाडौंको सम्बन्ध पनि सुदृढ हुनेछ ?**

– पहिलेको सम्बन्ध दिल्लीबाट काठमाडौंसम्मको मात्र थियो । सरकार-सरकारबीच र दूतावास-दूतावासबीचको सम्बन्ध थियो । वास्तवमा त्यो मित्रता होइन । नेपाल र भारतको खुला सिमाना छ, हाम्रो पारिवारिक सम्बन्ध छ, हाम्रो जुन सम्बन्ध छ, यसमा अलिकता धेरै राम्रो देखियो । नरेन्द्र मोदीको सिधा जनकपुर भ्रमणले पनि के संकेत गर्दछ भने हामीमा आफ्नोपनको आभाष भइरहेको छ । हेर्दा त यो धार्मिक लागिरहेको छ तर यो धार्मिक मात्र नभई पारिवारिक सम्बन्ध पनि हो ।

**० विगतमा मधेशप्रति रहेको काठमाडौंको हेराई यस भ्रमणबाट परिवर्तन होला ?**

– मलाई लाग्छ सम्बन्धमा सुधार आउनेछ । पहिले जसरी काठमाडौंले विभेदकारी ढंगबाट मधेशलाई हेर्थ्यो, अब त्यो नियतमा परिवर्तन हुनेछ । त्यहि परिवर्तन भएका कारण नेपालका प्रधानमन्त्रीले भारत भ्रमण गरेको समयमा दिल्लीमा नरेन्द्र मोदीलाई जनकपुर आउने निम्तो दिनुभयो । हुन त नरेन्द्र मोदीको जनकपुर आउने चाहना पहिलेदेखि नै भएकोले निम्तो नगरे पनि आउनुहुन्थ्यो होला तर निम्तो दिने काम त नेपाल सरकारले नै गरेको हो । यसले मधेशप्रति काठमाडौंको दृष्टिकोणमा परिवर्तन आएको भन्न सकिन्छ । त्यसकारण विकासको शुभसंकेत हामी देखिरहेका छौं । निश्चय नै संघीय सरकारदेखि स्थानीय सरकारले विकास गर्न चाह्यो भने विकास हुन्छ र साथमा भारत पनि रहनेछ ।

**० यो भ्रमणबाट जनकपुरलाई मात्र लाभ हुन्छ कि समग्र प्रदेश २ लाई नै हुन्छ ?**

– यो भ्रमणबाट जनकपुर वा प्रदेश २ लाई मात्र लाभ हुँदैन समग्र नेपाललाई नै लाभ हुनेछ । नेपाल र भारतबीच रहेको दूरी पनि यस भ्रमणबाट घट्नेछ । मेरो विचारमा यो भ्रमणबाट सबैलाई लाभ हुन्छ । सबैको सहकार्यबाट नै भारतीय प्रधानमन्त्रीको भ्रमण सफल हुन लागेको पनि हो ।

**० सुरक्षाको दृष्टिकोणले त्यहाँको सुरक्षा अवस्था कस्तो छ ?**

– भारतीय प्रधानमन्त्रीको भ्रमणलाई दृष्टिगत गरी जनकपुरको सुरक्षा व्यवस्था कडा पारिएको छ । मोदीले पनि आफ्नो सुरक्षा व्यवस्था लिएर आउँदै हुनुहुन्छ । भारतीय सुरक्षा अधिकारीहरूले पनि कडा सुरक्षा दिइरहेका छन् र नेपाल सरकारले पनि सुरक्षा व्यवस्था कडा बनाएको छ । जनकपुरबासीले पनि नै सुरक्षाकर्मीको भूमिका निर्वाह गर्नुपर्छ ।

**० मोदीको स्वागतको हुने नागरिक अभिनन्दनमा एक लाख जनतालाई उतार्ने बनाइएको छ, यो कति सम्भव छ ?**

– मलाई लाग्छ यो सम्भव छ । मोदीजी अन्तर्राष्ट्रिय जगतकै उत्कृष्ट प्रधानमन्त्री हुनुहुन्छ त्यसकारण पनि उहाँलाई हेर्न र उहाँको भाषण सुन्न प्रदेश २ का जनता आतुर छन् । त्यसैले एक लाख नागरिक जुटाउन कुनै गाह्रो विषय होइन । मोदीजी आध्यात्मिक व्यक्ति पनि भएकोले पनि उहाँको भाषण सुन्नका लागि पनि जनता आउने छन् ।

**० कोही ठूला नेता भ्रमणमा आयो भने नेताहरूसम्म स्वयं झाडु बोकेर सरसफाईमा लाग्ने गरेको देखिएको छ तर त्यसपछि त्यसको वास्तै गरिदैन । यो कस्तो चलन हो ?**

– आजभन्दा ४ वर्ष भन्दा अगाडी जनकपुर स्वच्छ अभियान हामीले सुरूवात गरेका हौं । त्यस समयमा हामीले सडक, पोखरी सफा गर्दा मान्छेहरू हाँस्थे तर पछि सबैले सहयोग गरे । वास्तवमा मोदीजी आउँदै हुनुहुन्छ भनेर हामीले एकदिन मात्र सरसफाई गर्‍यौं भने केही हुँदैन । सफाईको कनम निरन्तर चलिरहनु पर्छ । हामीले सधैंको लागि स्वच्छ अभियान अगाडि बढायो भने निश्चिय नै अगाडि बढ्न सक्छ । मोदीजी आएपछि पर्यटन व्यवसाय अझ बढ्छ भने स्वच्छ अभियानलाई यस क्षेत्रका बासिन्दाले गम्भीरतापूर्वक लिनुपर्दछ । हामी सबैको स्वच्छ अभियानमा सक्रिय सहभागिता हुनुपर्दछ ।

**० नेताहरूले गरेको यो सरसफाई अभियानलाई देखावटी मात्र हो भनेर पनि आलोचना भइरहेको छ नि ?**

– हुन त यो देखावटी नै हो तर यसले सन्देश पनि दिन्छ । मुख्यमन्त्री, मेयर, सांसद र मन्त्रीहरूले कुचो लिनु भनेको आम जनताका लागि सन्देश पनि हो । हातमा कुचो लिएर मात्र हुँदैन । सफाईप्रति उनीहरूको नियत पनि सफा हुनुपर्छ । गान्धीजीले भन्नुभएको छ-गणतन्त्रभन्दा ठूलो स्वच्छता अभियान हो । किनभने देश स्वच्छ भएन भने गणतन्त्र विरामी पर्छ । त्यसकारण यो देखावटी पनि हो तर यसलाई व्यवहारमा पनि उर्तानु पर्ने आवश्यकत्ता छ ।

**० प्रदेश २ मा मुख्य प्रतिपक्षीको लागि विवाद भइरहेको छ । जसकारण प्रदेशसभाको बैठक पनि स्थगित हुँदै आएको छ । यो विवाद कनि र कसरी भएको हो ?**

– हाम्रो सोच के हो भने सरकारमा सहभागि हुने कि सरकारलाई समर्थन गर्ने । सरकारलाई समर्थन गर्नुको मतलब सरकारको गुण र दोषको आधारमा हो । यदि सरकारले राम्रो काम गर्‍यो भने समर्थन गर्ने र यदी नराम्रो काम गरेको छ भने विरोध गर्ने हो । तर सरकारमा सहभागि हुने कुरा फरक हो । कांग्रेसले यी दुवै कुरालाई एउटै बुझिरहेको छ । त्यसकारण विपक्षी दलको नेतामा दाबी गरिरहेको छ । तर स्वभाविक रूपमा १० प्रतिशत जनसंख्या भन्दा बढी प्रदेश सभामा कांग्रेसको भन्दा बढी सीट नेकपा एमालेको हो । कांग्रेस बाहेक अन्य सबै दलले सरकारलाई सहयोग गरेको छ । भोलिका दिनमा कांग्रेसको सरकार बन्न सक्छ । त्यो समयमा गुण दोषको आधारमा हामीले पनि समर्थन गर्न सक्छौं ।

**० तपाईंको विचारमा एमाले नै प्रमुख प्रतिपक्षी हुनुपर्ने हो ?**

– मलाई के लाग्छ भने यस्तो हुँदा राम्रो सिस्टम पनि बस्छ । नेपालमा सरकारलाई गिराउने खेल धेरै पटक भइसकेको छ । राम्रो गरे भने समर्थन गर्ने र नराम्रो गरे भने विरोध गर्ने हो । तर सरकारमा सहभागी हुनु र समर्थन गर्नुलाई एउटै बुझ्नु नेपाली कांग्रेसको राजनीतिक भूल नै हो ।

**० वाम गठबन्धनले तपाईंहरूको सरकारलाई विश्वासको मत दिए पनि विपक्षी नै हो ?**

– एमालेले सरकारलाई समर्थन त गरेको छ तर सहभागि भएको छैन । गुण र दोषको आधारमा समर्थन र विरोध हुने हो । समर्थन गर्दैमा त्यो सरकारको अंग भइहाल्ने भन्ने हुँदैन । समर्थन गर्दैमा सरकारको अंग हो भन्नु राजनीतिक सोचलाई हामीले बदल्नुपर्छ ।

**० तपाईंहरूले केन्द्र सरकारलाई विश्वासको मत दिनुभयो, त्यसो हो भने तपाईंहरू पनि संघीय संसदमा विपक्षीमा हुनुहुन्छ ?**

– स्वाभाविक रूपमा नै केन्द्र सरकारलाई हामीले समर्थन गरेको हो सरकारमा सहभागि भएको होइन । किनकि जबसम्म स्पष्ट रूपमा मधेशका माग मुद्दा सम्बोधन हुँदैन, हामी सरकारमा जाँदैनौ । त्यसलाई सरकारको सहभागिको रूपमा सोच्नु त्यो राजनीतिको भूल हुनेछ ।

**० तपाईंको दलसँग सरकारमा सहभागिताको विषयमा छलफल भइरहेको छ । सरकारमा सहभागि नभएसम्म विपक्षी नै रहनु हुन्छ ?**

– स्वाभाविक रूपमा हमी विपक्षी नै रहन्छौ । विपक्षी भन्दा पनि गुण दोषको आधारमा हामीले पहिलो पटक समर्थन गरेको हो । त्यसपछि सरकारले नराम्रो काम गर्‍यो भने हामी स्वती विपक्षमा जान्छौं।

**० कांग्रेस र एमालेका कारण प्रदेश सभाको बैठक पनि अवरूद्ध भइरहेको छ, यस्तो हुँदा कामकाज गर्न अप्ठेरो परेको होला, होइन ?**

– यसमा मलाई के लाग्छ भन्ने काँग्रेस र एमालेले बसेर छलफल गर्नुपर्छ । कांग्रेस अथवा एमालेका संसदीय दलका नेता नै विपक्षी दलको नेता बन्ने हो । मधेशवादी दलका नेताहरू त बन्ने कुरै भएन । यसकारण हामीले दुवै पाटीसँग समझदारीका साथ अगाडी जानुपर्छ । अहिले त प्रदेश सभाको नियमावली पनि बनेको छैन । प्रदेशसभाको नियमावली नबन्दै विरोध गर्नु भनेको उनीहरूको अपरिपक्कता हो ।

**० कांग्रेस आफूलाई लोकतान्त्रिक पार्टी भन्दै आएको छ, तर यस्तो गतिविधिले त अलोकतान्त्रिक जस्तो देखाउँछ त ?**

– स्वभाविक रूपमा । आम जनताले बुझ्नुपर्ने कुरा यहि हो । प्रदेश सभा जस्तै संघीय व्यवस्थापिका संसदलाई चलाउनका लागि संघीय व्यवस्थापिका नियमावली बनेको छ । त्यस्तै प्रदेश सभा सञ्चालनका लागि पनि प्रदेश सभा नियमावली बनेको छ र त्यो दर्ता पनि भएको छ । त्यो पारित हुने प्रक्रियामा गएको थियो कि त्यसमा कांगेसले विरोध गर्न सुरू गरिहाल्यो । हामीले भनेको हो, प्रदेश सभा नियमावली बन्न दिनुस विपक्षी दलको परिभाषा कांगेसले माने कांग्रेस हुने वा एमालेले मान्यो भने उही हुने । तर पहिला नियमावली त बन्न दिनु पर्‍यो नि । नियमावली नै बन्न नदिनु गैरप्रजातान्त्रिक काम हो ।

**० यो प्रदेश सरकारलाई असफल बनाउने षडयन्त्र त होइन ?**

– कांग्रेस के चाहन्छ भने जसरी केन्द्रमा मधेशवादी दलले सहयोग गरे त्यस्तै सहयोग वाम गठबन्धनले पनि प्रदेशमा गरेको छ । कांग्रेसलाई मधेशमा सबैले नकार्नुको कारण एउटै छ-त्यो हो कांग्रेसले समाजवादलाई नकार्नु । कांग्रेसले प्रजातन्त्रवादलाई छोड्यो, यसले परिवारवादलाई अगाडी बढायो, जातीवादलाई अगाडी बढायो । कांग्रेसको विरासतवादी राजनीति चल्दैन । कांग्रेसको विरासतको राजनीतिलाई समाप्त गर्नको लागि मधेशवादको जन्म भएको हो । मधेशवादले निश्चिय नै विभेदमा परेको वर्ग आदिवासी, जनजाती, मधेशको मधेशी जो बहुसंख्यक छन् । धेरै देशहरूमा बहुसंख्यकले अल्पसंख्यकलाई शाषन गर्छ तर नेपालमा ठिक उल्टो छ । संघीय समाजवादी फोरम सधैं के चाहन्छ भने पहाडका आदिवासी, जनजाती र मधेशी यी सबैको समग्र विकासको लागि जहिले पनि अगाडी बढ्छ र बढ्नु पनि पर्छ ।

# प्रदेश २ मा अवरोध जारी रहन्छ



५ दिनभित्रमा टुंगो लगाउछु भनेपछि हामीले फिर्ता लियौं तर अहिलेसम्म पनि सभामुखले प्रतिपक्षको फैसला दिनुभएको छैन । त्यसकारण जबसम्म यसको फैसला हुँदैन तबसम्म हामी संसद चल्न दिदैनौं । अहिलेसम्म दुई वटा संसद अवरूद्ध गरेका छौं र अबका दिनमा पनि गर्नेछौं ।

**रामसरोज यादव**

जहाँ जुन दल सरकारमा सामेल हुन्छ वा सरकार बनाउन मत दिन्छ त्यो दलभन्दा बाहिरका १० प्रतिशत संख्या जसलाई प्रतिपक्षको मान्यता दिइन्छ । केन्द्रीय संसदको नियमावलीमा पनि त्यही प्रावधान छ । अहिलेसम्म संसारमा बिना प्रतिपक्षको कुनै संसद चलेको मैले थाहा पाएको छैन । ऐन, नियम, कानुन बनाउन समय लाग्छ । परम्पराहरू छन्, होइन भने ३ महिनासम्म प्रतिपक्षी दल बिना संसद चलेको मैले पहिलो पल्ट सुनेको हो । गिरिजाप्रसाद कोइरालाको सरकार हुँदा पनि ठूलो पार्टी एमालेले सरकारलाई समर्थन गरेर प्रतिपक्षीमा बसेको थियो । प्रतिपक्षी नभएको भए त सरकार नै बन्दैनथ्यो । सरकार त कुनै पनि हालतमा बनाउनु नै थियो । संसदको परम्परा पनि हो । त्यसकारण संसदीय व्यवस्था अनुसार हामीले पाउनुपर्छ भन्दै आएका छौं र संसदमा पनि अवरोध गर्दै आएका छौं । किनभने सरकार पनि बिना प्रतिपक्षको हुँदैन ।

हाम्रो माग प्रमुख प्रतिपक्षी नै हो । प्रदेश २ को संसदमा कांग्रेस बाहेक अन्य जति पनि पार्टी छन् तिनीहरू सबैले एमालेको सरकारलाई मत दिएको छ । एउटा काँग्रेसमात्रै हो, जो विपक्षीमा मत दिएको छ । विपक्षमा मत हालेको पार्टी प्रतिपक्षमा हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । सरकारलाई मत दिएको पार्टीभन्दा बाहिरको पार्टी हुनुपर्छ भन्ने हाम्रो अडान हो ।

संघीय संसदको नियमावलीमा प्रष्टै लेखिएको छ-प्रतिपक्ष भनेको जुन सरकार बनाउन सहयोग गरेको वा सामेल भएको पार्टी भन्दा बाहिरको पार्टी हुन्छ । अहिले प्रदेश २ को नियमावली पास भएको छैन । अहिले सरकार र संसद प्रादेशिक संसद नियमावली, केन्द्रीय संसद नियमावली अनुसार नै चलेको छ । सारा सरकार केन्द्रको ऐन कानुन अनुसार चलेको छ भने केन्द्रकै संसदमा उल्लेख भएको कुरा किन मान्यता दिदैन । मेरो विचारमा राजपा र संघीय फोरम नै तानाशाही प्रवृतिले चलेको छ । नेपाली कांग्रेसलाई नै प्रतिपक्षीको भूमिका दिनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ । त्यति मात्र होइन, कार्यव्यवस्था परामर्श समितिमा स्वयं सभामुखले यो कुरालाई उद्घोष गराउनुभयो । उक्त समितिले सभामुखलाई तपाईको एक मतले निणर्य गर्नुस भनेर आग्रह गरेकै हो ।

त्यही कुरामा हामीले थोरै समयको लागि प्रदेशसभा बैठक अवरूद्ध गर्‍यौं, ५ दिनभित्रमा टुंगो लगाउछु भनेपछि हामीले फिर्ता लियौं तर अहिलेसम्म पनि सभामुखले प्रतिपक्षको फैसला दिनुभएको छैन । त्यसकारण जबसम्म यसको फैसला हुँदैन तबसम्म हामी संसद चल्न दिदैनौं । अहिलेसम्म दुई वटा संसद अवरूद्ध गरेका छौं र अबका दिनमा पनि गर्नेछौं ।

यो सम्बन्धमा अन्तरिम नियमावलीमा केही पनि उल्लेख भएको छैन । अहिले अन्तरिम नियमअनुसार सरकार चलिरहेको छ । त्यो अन्तरिम नियमावली कार्यव्यवस्था परामर्श समितिले पारित गरेको हो र यो कुराको टुंगो लगाउन पनि सभामुखले समितिमा नै उद्घोष गर्नुभएको हो । समितिको बैठकमा पाँच दिनमा टुंगो लगाउँछु भनिसके पछि त्यो कुरालाई टुंगो लगाउन पर्छ कि पर्दैन ? सभामुख जस्तो गरिमामय पदमा बसिसकेपछि संसद चलाउने काम उहाँले गर्नुपर्छ । उहाँले त्यो गर्नुभएको छैन । त्यसकारण नेपाली कांग्रेसले अवरोध गर्छ र गरिरहन्छ ।

निष्कर्ष त सम्बन्धित निकायले निकाल्नुपर्छ । प्रदेश सरकारलाई पनि प्रतिपक्ष चाहियो, बिना प्रतिपक्षीको सरकार चल्दैन । हामीले आफ्नो जायज माग नै राखेका छौं । यसको समाधान कसरी गर्ने त्यो उहाँहरूले निर्णय गर्ने कुरा हो, यसमा हामीले निर्णय गर्न मिल्दैन ।

पहिलो पटक संसदमा बोल्दा पनि मैले के भनेको थिएँ भने यो नयाँ प्रदेश हो, नयाँ संघीयता हो, सबै पार्टी मिलेर यो प्रदेशलाई बलियो बनाउनुपर्छ, समृद्धि र शिक्षित बनाउनुपर्छ । जो पार्टी प्रतिपक्षमा मत हालेको छ उसलाई सौताको व्यवहार गर्‍यो भने यो सरकार कसरी अगाडी बढ्न सक्छ । हामीले यति सहयोग गर्छौं भनिसके पछि सरकारले सबै पार्टीलाई मिलाएर लैजानुपर्ने हो । यसमा सबैभन्दा ठूलो दायित्व सरकारको हो । यो प्रदेशलाई कसरी विकास गर्ने, प्रदेशमा धेरै ठूला-ठूला चुनौतिहरू छन् । यो कुरालाई राजपा र फोरमको सरकारले किन मनन गर्दैन ? आखिर विधिहरू पास गरेर विकास निर्माणका काम गर्नका लागि त सरकारले सोच्नुपर्छ । बल सरकारको कोर्टमा छ । हामीले त भनिरहेका छौं कि बिना प्रतिपक्ष सरकार चल्दैन ।

केन्द्रमा नेपाली काँग्रेस प्रतिपक्षमा छ । तर प्रदेश २ मा अवश्य नै राजपा र संघीय फोरम सत्तापक्ष नै हो । विश्वका प्रजातान्त्रिक व्यवस्था भएका सबै देशहरूमा यस्तै व्यवस्था छ । जसले सत्तापक्षमा मत हालेको छ उ सत्तापक्ष हो र जसले विपक्षमा मत हालेको छ उ विपक्षी हो । यो केन्द्रमा र प्रदेशमा एउटै व्यवस्था हो ।

हामीले दुई पटक संसद अवरोध गर्दा पनि यसको निष्कर्ष कसरी निकाल्ने भन्ने विषयमा केही भनेको छैन । कानुन निर्माण गरेर संसदमा पास गर्नुपर्ने हो, यो काम अहिलेसम्म सरकारले गरेको छैन । जसले गर्दा विकास निर्माणका काम हुन सकिरहेको छैन । अब यो सरकारलाई के भन्ने ? सबै पार्टीलाई मिलाएर संसदमा छलफल गर्नुपर्ने हो, त्यो पनि गर्न सकेको छैन । कुनै पनि समस्याको समाधान टेबुलमा हुन्छ । छलफलबाट समस्याको समाधान निस्कन्छ । यो सरकारले किन सबैलाई बोलाउन सकिरहेको छैन, त्यो म आफै बुझ्न सकेको छैन ।

बिना प्रतिपक्ष सरकार नचल्ने भएकाले हामी प्रतिपक्षमा बस्नका लागि माग गरिरहेका छौं । माग गर्ने काम हाम्रो हो तर त्यसको टुंगो लगाउने काम हाम्रो होइन । हामीले संसदलाई अवरोध गरेको भएपनि संसदलाई असफल बनाउन लागेका होइनौ ।संसदलाई बलियो बनाउन, सहि ठाउँमा लैजान अग्रगतिमा अगाडि बढाउन, सरकारले जनताको आकांक्षा, अपेक्षालाई पूरा गर्नका लागि अवरोध गरेका हौं ।

*(नेपाली काँग्रेसबाट प्रदेश २ का संसदीय दलका नेता यादवसँग मधेशवाणीका लागि गरिएको कुराकानी ।)*

# हावाहुरीले एक जनाको मृत्यु, करोडौंको क्षति

**राम नारायण पंडित, सिरहा ।**
हाबाहुरीले सिरहामा एक जनाको ज्यान गएको छ । बुधबार बिहान एक्कासी आएको आँधीतुफानले सिरहामा ब्यापक जनधनको क्षति भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

आँधीतुफानले घर भत्किदा च्यापिएर मिर्चैया नगरपालिका बडा नं.१० बस्ने करीब ७५ बर्षीय सगुनी महतोका ज्यान गएको छ ।

सिरहाको बिभिन्न नगरपालिका तथा गाउँपालिकाहरूमा दर्जन भन्दा बढी ब्यक्तिहरू घाइते भएका छन् ।

घाइतेहरूको उपचार जिल्लाको बिभिन्न अस्पतालहरूमा उपचार भईरहेको छ ।

हाबाहुरीले सिरहाका बिभिन्न स्थानमा हजारौ घरमा क्षति भएको बताईएको छ । घर भत्किदा सैयौ घरपरिबार घरबार बिहिनको अबस्थमा पुगेका छन् ।

आँपको उर्बरभुमि मानिने सिरहामा हाबाहुरीले ब्यापक क्षति भएको छ भने हजारौ रूखहरू ढल्दा बिभिन्न स्थानमा सडक अबरूद्ध भएको छ । पुर्बपश्चिम राजमार्गलाई बिहानै स्काभेटर लगाएर सुचारू गरेपनि सहायक सडकहरू अझै खुल्न सकेका छैन् ।

मिर्चैया नगरपालिकाले क्षति भएका स्थानहरूमा अनुगमन गरेका छन् ।



मेयर श्रबण कुमार यादबको नेतृत्बमा गएको टोलीले नगरपालिकालाई अनुगमन गरेका हुन् । मेयर यादबले नगरपालिका भित्र हाबाहुरीले ब्यापक क्षति गरेको भन्दै पिडितहरूलाई आबश्यक राहत उपलब्ध गराउने बताए । उनले भने "हामीहरू अनुगमनका कममा छौ थप बिबिरण आउने कम बाकी नै छ, प्राप्त भएको जानकारी अनुसार बडा नं. १० मा एक जनाको ज्यान गएको छ भने दर्जन भन्दा बढी घाइते भएका छन्, र हजारौ घरमा क्षति भएको हो ।" उनले नेपाल सरकारसंग पनि आबश्यक सहयोगका लागि आग्रह गरेका हुन् ।

हाबाहुरीले बिद्यतुका पोलहरू सैयो स्थानमा ढल्दा बिद्युत सेवा पुर्ण रूपमा अबरूद्ध भएको छ । सुचारू हुन एक सातासम्म लाग्न सक्ने नेपाल बिद्यूत प्राधिकरण मिर्चैया बितरण केन्दका प्रमुख शिबराम यादबले बताए ।

त्यसैगरी नेपाल टेलिकमका ल्यान्ड लाइन टेलिफोनमा समस्या हुँदा संचार बिहिन भएका छन । जिल्लामा रहेका बिभिन्न कम्पनीका ईन्टरनेटका सेवा समेत अबरूद्ध भएका छन् । बिद्युत नहुँदा जिल्लामा संचालित आधा दर्जन रेडियो स्टेशनहरू बन्द भएका छन् भने टाबरहरूमा पनि समस्या देखिएको छ । यता, सुखिपुर नगरपालिकाले पिडितहरूलाई तत्काल राहत स्बरूप त्रिपाल उपलब्ध गराएका छन् ।

## सरकारले दुई बण्डल जस्तापाता दिने

काठमाडौं । आँधीबेहरीपीडित सरकारले तत्काल राहतस्वरूप दुई बण्डल जस्तापाता दिने निर्णय गरेको छ । मंगल साँझ आएको भीषण आँधीबेहरीका कारण मधेशका केही जिल्लामा करोडौंको धनजनको क्षति भएको थियो । सरकारले तत्काल आवासको व्यवस्था गर्न प्रतिपरिवार दुई बण्डल जस्तापाता उपलब्ध गराउने भएको छ । मन्त्रिपरिषद्को बैठकले प्राकृतिक प्रकोप पीडितका लागि तत्काल आवास व्यवस्थापनका लागि दुई बण्डल जस्तापाता उपलब्ध गराउने निर्णय गरेको छ । बैठकले मृतकका परिवारलाई राहतस्वरूप रू एक लाख सहयोग उपलब्ध गराउने निर्णय पनि गरेको हो ।

## प्रधानमन्त्रीलाई कर्णाली प्रदेशको ज्ञापन

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार कर्णालीको विकासको लागि गम्भिर रहेको बताए । कर्णाली प्रदेशका मुख्यमन्त्रीलगायत सर्वदलीय जनप्रतिनिधिहरूको तर्फबाट बालुवटारमा ज्ञापन पत्र बुझ्दै प्रधानमन्त्री ओलीले सो कुरा बताए । मुख्यमन्त्री महेन्द्र बहादुर शाही संघीय सांसद जनार्दन शर्मा, प्रदेशका अर्थ मन्त्री प्रकाश ज्वाला लगायतको समूहले प्रधानमन्त्री ओलीलाई ज्ञापन पत्र बुझाएका हुन् । ज्ञापनपत्रमा भौतिक पूर्वाधार, हवाइ यातायात, सिंचाइ, उर्जा तथा विद्युतिकरण, संचार, बस्ती विकास तथा पर्यटन, खोनपानी, शिक्षा, स्वास्थ्य र कृषिलगायतका विषयमा बजेट बिनियोजन गर्न प्रधानमन्त्रीसँग माग गरिएको छ । प्रधानमन्त्री ओलीले कर्णालीलाई विकासको मुलधारमा ल्याउन यथासक्य बजेट बिनियोजन गर्ने आस्वासन दिए ।

## मधेश अपडेट

### "जय मधेश"को नारा लगाउन आह्वान

जनकपुरधाम । जनकपुरधामको रंगभूमि मैदानमा भारतीय प्रधानमन्त्रीलाई गरिने अभिनन्दनमा 'जय मधेश'को नारा लगाउन स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउतले आह्वान गरेका छन् । भारतीय प्रधानमन्त्री मोदीलाई रंगभूमि मैदान बाह्रबिगाहामा शुक्रबार नागरिक अभिनन्दन गर्ने कार्यक्रम रहेको छ । डा. राउतले सोही कार्यक्रममा जय मधेशको नारा गुञ्जायमान गर्न आह्वान गरेका हुन् । डा. राउतले मधेशी शहीदको बलिदानीलाई सम्मान गर्नका लागि अभिनन्दनस्थलमा जय मधेशको नारा गुन्जायमान गर्न सामाजिक सञ्जाल फेलबुकमार्फत आह्वान गरेका हुन् ।

### "जय नेपाल"को नारा पनि गुञ्जायमान हुनुपर्छ"

जनकपुरधाम। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरधाम भ्रमणका क्रममा रंगभूमि मैदान बाह्रबिगाहामा हुने नागरिक अभिनन्दन कार्यक्रममा 'जय मधेश' मात्र नभई 'जय नेपाल'को नारा पनि गुञ्जायमान हुनुपर्ने एक सामाजिक अभियन्ताले प्रतिक्रिया दिएका छन् । यसभन्दा अगाडि स्वतन्त्र मधेश गठबन्धनका संयोजनक संयोजक डा.सीके राउतले अभिनन्दन समारोहमा जय मधेशको नारा गुञ्जायमान गर्न आह्वान गरेका थिए । यस्तै, त्यसको केही घन्टापछि सामाजिक अभियन्ता सरोज रायले सामाजिक सञ्जाल फेसबुकमार्फत जय मधेशको साथसाथै जय नेपालको नारा पनि गुञ्जायमान हुनुपर्ने धारणा अभिव्यक्त गरेका छन् ।

### साउदीमा सप्तरीका युवकको मृत्यु

राजविराज । वैदेशिक रोजगारको सिलसिलामा साउदीमा रहेका सप्तरीका एक युवकको मृत्यु भएको छ । सप्तरी खडगनगरपालीका वडा नम्वर ९ लालपटी का २४ वर्षीय संजय साहको गत मंगलबार मृत्यु भएको परिवारजनले जनाएको छ । ०७३ साल अषाढ ९ गते उनी मिडिल ईस्ट म्यानपावर कम्पनी काठमाडौंबाट वैदेशिक रोजगारका लागि साउदीको अल्फानार कन्सट्रक्सन कम्पनीमा कम्पुटर सम्बन्धी काम गर्दै आएका थिए । उनी गत सोमबार काम गरेर राती कोठा आए र घरमा फोन गरेर उनी खाना खाएर सुते र बिहान संजय साथीहरूले उठाउन जाँदा मृत अवस्थामा साथीहरूले उनलाई देखेको संजयका दाई उमेश साहले बताए । मृतक साहको शव साउदीबाट ल्याउन वैदेशिक रोजगारका क्षेत्रमा काम गर्ने सवल नेपाल र सूचना तथा परार्मश केन्द्र राजविराजले पहल गरिरहेको मिडिया अधिकृत चन्दनकुमार यादवले बताए ।

### समयानुकूल सामाजिक ऐन ल्याउन माग

धनगढी । गैरसरकारी संघसंस्थालाई समयानुकूल र व्यवस्थित गर्न नयाँ ऐन आवश्यक रहेकामा सरोकारवालाले आवाज उठाएका छन् । गैरसरकारी संघसंस्थाको छाता संगठन गैसस महासंघको प्रदेश नं ७ स्तरीय नागरिक भेलाका सहभागीहरूले संस्था दर्ता ऐन २०३४ खारेज गरी समय अनुकूल सामाजिक विकास ऐन ल्याउन माग गरेका छन् । देशको कानूनबमोजिम दर्ता भएका गैससहरूलाई नीतिगतरूपमै विकास साझेदार बनाउन जरूरी भैसकेको भन्दै सहभागीहरूले यसका लागि नयाँ ऐन ल्याउन माग गरे । भेलाले जारी गरेको ११ बुँदे घोषणापत्रमा देशको साँस्कृतिक, आर्थिक, सामाजिक, आर्थिक र शैक्षिक विकासका लागि सरकारसँग मिलेर जान तयार रहेको उल्लेख गरिएको छ ।

### नेपाली सेनाद्वारा स्वास्थ्य शिविर

बीरगंज । नेपाली सेनाले वीरगंजमा मंगलबार स्वास्थ्य शिविर आयोजना गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १५ भिष्वास्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय परिसरमा आयोजना गरिएको शिविरमा क्यान्सर स्क्रिनिंग, स्त्रि रोग तथा जनरल हेल्थ क्याम्प राखिएको थियो । सेनाको वीरगन्जस्थित चण्डी प्रसाद गण, बिपि कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरको संयुक्त रूपमा आयोजित शिविरमा करिब ५ सयजनाले स्वास्थ्य परीक्षण गराएका थिए । शिविरमा भरतपुर क्यान्सर अस्पतालका चिकित्सक डा. राजेश मिश्र, नेपाली सेनाका चिकित्सकहरू डा.राजिव सिटौला र डा.मनिष श्रीवास्तव सहितको चिकित्सकको टोलीले बिराकीको स्वास्थ्य परीक्षण गरि निःशुल्क औषधी बितरण गरिएको थियो । श्री चण्डी प्रसाद गण बीरगंजका प्रमुख श्रीजन बहादुर मल्लको नेतृत्वमा स्वास्थ्य शिविरको आयोजना गरिएको शिविरमा स्वास्थ्य परीक्षण गराउन महिला र बालबालिकाको बढी सहभागिता रहेको थियो । शिविरमा हाडजोर्नी, ढाड दुख्ने, छालाका रोगीहरू बढी देखा परेका थिए । शिविरमा आएका बिरामीलाई निःशुल्क औषधि समेत बितरण गरिएको थियो । क्लिनिक नेपालको संस्था, सेना तथा भरतपुर अस्पतालले संयुक्त रूपमा औषधी व्यवस्था गरेका थिए ।

### प्रदेश ५ को पहिलो अधिबेशन अन्त्य

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश ५ को प्रदेश सभा पहिलो अधिबेशन सकिएको छ । प्रदेश प्रमुख उमाकान्त झाले पठाएको पत्र पढी सभामुख पूर्णबहादुर घर्तीले मंगलबार राति १२ बजेदेखि पहिलो अधिवेशन सकिएको जानकारी गराए । पहिलो बैठक तथा अधिवेशन माघ २१ गतेबाट सुरू भएको थियो । अधिवेशनले सभामुख उपसभामुख र ४ वटा संसदीय समिति चयन गरेको छ । चालु आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट समेत सर्व सहमतले पारित गरेको छ । यस्तै कानुन निर्माणका लागि ८ वटा विधेयक प्रदेश सभामा पेश भएका थिए । त्यसमध्ये ५ वटा पारित भएका थिए । यसअघि बसेको बैठकले प्रदेश ५ अन्तरगतका गाउसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया बारेमा बनेको विधेयक सर्वसहमतले पारित गरेको छ । यस्तै विधायन समितिले स्थानीय तहका सदस्य तथा पदाधिकारीको सेवा सुविधाबारे बनेको विधेयक संशोधनको प्रतिवेदन प्रस्तुत गरेका छन् । जसमा यसअघि सुविधा नराखीएको स्थानीय तहका वडा सदस्यहरूलाई समेत मासिक ७ हजार सुविधा दिन प्रस्ताव गरिएको थियो । यसैगरी गाउपालिकाका उपाध्यक्षको मासिक सुबिधा २५ हजार बाट बढाएर २७ हजार पुर्याउन र उप महानगरपालिकाका वडा अध्यक्षको मासिक सुबिधा ३० बाट घटाएर २६ बनाउन प्रस्ताव गरेको थियो ।

### प्राविधिक शिक्षा आवश्यक : मुख्यमन्त्री पोखरेल

नेपालगन्ज । प्रदेश नं ५ का मुख्यमन्त्री शंकर पोखरेलले प्रदेशको समृद्धिका लागि आधुनिक एवं व्यावसायिक खेती तथा प्राविधिक शिक्षा आवश्यक रहेको बताए । बाँकेको राप्तीपारीस्थित सिद्धेश्वर माध्यमिक विद्यालयको स्वर्ण जयन्ती समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री पोखरेलले शिक्षा क्षेत्रको योगदानमा बाँकेले अग्रणी भूमिका खेलेको भए पनि साक्षर जिल्ला हुन नसकेकोमा भने खिन्नता व्यक्त गरे । प्रदेश नं ५ का १२ जिल्लामध्ये बाँके र कपिलवस्तु जिल्ला मात्र पूर्णसाक्षर घोषणा हुन बाँकी रहेका बताउँदै उनले प्रदेश सरकारवाट हुने आवश्यक सहयोग यसका लागि रहने विश्वास दिलाए । मुख्यमन्त्री पोखरेलले मुलुकमा राजनीतिक विवाद अन्त्य भएको बताउँदै अब विकास र समृद्धिका लागि सबैपक्षको एकता र सहकार्य आवश्यक छ भने ।

### "जुटमिल पुनः सञ्चालन गर्न अध्ययन गरिने"

विराटनगर । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृका यादवले विराटनगर जुट मिल पुनः सञ्चालन गर्न अध्ययन गरिने बताएका छन् । उनले मुलुकको सबैभन्दा पुरानो उद्योग विराटनगर जुट मिलको पुनः सञ्चालन सम्बन्धमा अध्ययन गर्ने बताएका छन् । विराटनगर जुटमिलको शनिबार स्थलगत अनुगमनपछि उनले रूग्ण सरकारी उद्योगलाई सञ्चालन गर्नेतर्फ सरकारले गृहकार्य गरिरहेको बताए । विराटनगर जुटमिल सरकारले सञ्चालन गर्न नसकेपछि दुईपटक निजी क्षेत्रलाई सञ्चालन गर्न दिएकामा मिल सञ्चालन गर्न नसकेपछि पछिल्लोपटक मजदूरको सहयोगमा सरकारबाट नियुक्त सञ्चालक समितिले जुटमिल सञ्चालन गर्दै आएकामा अहिले मिल बन्द रहेको छ ।

### सुनसरीमा छुवाछूतमुक्त वडा घोषणा

सुनसरी । जिल्लाको गढी गाउँपालिका-२ औरावनीलाई जिल्लामै पहिलो छुवाछूत मुक्त वडा घोषणा गरिएको छ । गढी गाउँपालिका-२ नम्बर वडा कार्यालयको आयोजना र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ इटहरी सुनसरीको सहआयोजनामा यस २ नम्बर वडालाई छुवाछूत मुक्त वडा घोषणा गरिएको हो । छुवाछूत मुक्त वडा घोषणा कार्यक्रममा सुनसरीका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद उप्रेती, गढी गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद यादव, उपाध्यक्ष राजकुमारी चौधरी, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ इटहरी सुनसरीका अध्यक्ष मानबहादुर रसाइलीलगायतकाले छुवाछूत मुक्त वडा घोषणा कार्यक्रम गरेर मात्र नहुने बताउनुहुँदै यसलाई व्यावहारिकरूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

# मोदीको तेस्रो भ्रमण : एक चर्चा



रामसुकुल मण्डल

विश्वकै तेस्रो शक्तिशाली प्रधानमन्त्रीको रूपमा स्थापित रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो एकै कार्यकालमा नेपालको तेस्रोपटक भ्रमण गर्ने पहिलो भारतीय प्रधानमन्त्री हुन् । उनी नेपालको तेस्रो पटक भ्रमणका लागि आउँदैछन् । उनी यसै वर्ष आफ्ना प्रधानमन्त्रीत्व कार्यकालको अवधि पनि पूरा गर्दैछन् । भनिन्छ, मोदीकै कार्यकालमा सबैभन्दा बढी नेपाल र भारतको सम्बन्ध उचाईमा पुगेको छ भने सबभन्दा तल झरेको पनि छ ।

मोदीको भ्रमणलाई लिएर नेपालमा दुईधार प्रष्टरूपमा देखिएका छन् । एउटा नकारात्मक टिप्पणी र अर्को धार्मिक तथा सांस्कृतिक भ्रमण भनेर । नेपालमा भारत विरोधी विभिन्न अवधारणाले दुई देशबीचको परम्परागत मैत्रीलाई बिथोल्ने प्रयास गर्दै आएका छन् । ती मध्येमा केही राजनीतिक केही सामाजिक र केही आर्थिक सम्बन्धका विषयहरू रहेका छन् । भारतले नेपाललाई निल्न चाहेको र त्यसको लागि भारतले बुद्ध जन्मस्थलीलाई भारतमा प्रस्तुत गर्दै आएको आरोप प्रमुख रूपमा रहँदै आएको छ । राजनीतिक रूपले यो विषय महत्वपूर्ण रहँदै आएको छ ।

**मोदीको पहिलो नेपाल भ्रमण**

यदाकदा यो विषयलाई चर्काउन खोज्नेहरूको नेपालमा कहिल्यै पनि कमी भएनन् । तर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पहिलोपटक नेपालको भ्रमण गर्दा नेपालको संसद भवनमा सभासदहरू अगाडि साक्षी राखेर आम नेपालीहरूलाई विश्वसमुदायले सुन्नेगरी भने - बुद्ध भारतमै जन्मेका हुन् । सभासदहरूले पर्रर ताली पडकाएर मोदीको त्यो अभिव्यक्तिको स्वागत जोडदार ढङ्गले मात्र गरेनन् नेपाली सञ्चारले त्यसलाई विशेषरूपले उठायो । बुद्ध नेपालकै हो । अर्को भारतले नेपाललाई एक सार्वभौम देश मानेको छैन् भन्ने राजनीतिक सवाल खडा गर्ने गरिएको थियो ।

नेपाल सार्वभौम देश भएको प्रमाण संयुक्त राष्ट्रसंघ दिएको छ । वर्सेनी नेपाल स्वतन्त्र राष्ट्रको रूपमा संयुक्त राष्ट्रसंघको महासभामा आफ्नो उपस्थिति गराउँदै आएको छ र पनि नेपाली राजनीतिका बडेमानहरूले नेपालको सार्वभौमिकता भारतले खाइ दिएको कोकोहोलो मचाउनेहरूको कमी भने छैन । त्यसको जवाफ मोदीले बडोस्पस्ट भाषामा दोस्रो संविधान सभामा गरेको सम्बोधनमा दिइहालेका छन् । नेपाल एउटा सार्वभौम देश हो । बल्ल नेपालीहरूको आंशका मेटिएको थियो । भारतका प्रधानमन्त्री मोदीले नेपालीहरूको मनमस्तिष्कमा बसिरहेको त्यो तुसलाई यसरी सफा गरिदिएका थिए ।

यसरी यी दुई मुद्दाका आधारमा राजनीति गरिरहनेहरूको राजनीतिक एजेन्डा मोदीको भ्रमणले लुटिएको छ । नेपाली राजनीतिमा यस्ता खेलाडीहरूको भूमिका समाप्त भएको छ । त्यसैगरी नेपालको सुखदुखको साथी भारत रहेको र रहिरहने सन्देश पनि मोदीले दिए । उनले प्रस्ट भने. नेपाल दुखी रहे भारत खुसी रहन नसक्ने बताए । नेपाल अध्यारोमा रहे भारतलाई चित्त प्रसन्न रहनेछैन् । यसका लागि भारतले हरसम्भव पर्यत्न गर्नेछ तपाईहरू भन्नुस भारतले पूरा गर्नेछ ।

मोदीले यसरी नेपालसँगको मित्रतालाई व्याख्या गरेका छन् । नेपाल जलस्रोतको धनी देश हो । भारतले नेपालको जलस्रोतमा आँखा गाडिरहेको छ । भारत ऊर्जाको भोको रहेको छ । उसलाई नेपालबाट जलस्रोतको दोहन गर्नुछ । यस्ता नानाथरी समाचार शीर्षकमा राजनीति गर्नेहरू र आफ्ना खेतीपाती चलाउनेहरूको कमी रहेको छैन । यस्ता विषयलाई गम्भीरताका साथ लिएका भारतका प्रधानमन्त्री मोदीले प्रस्ट पारे । हामीले तपाईको बिजुली सित्तैमा लिन खोजेका छैनौं । त्यसको उचित मोल तिर्छौं । भारतलाई नेपालको बिजुली निकालेर आफ्नो गर्जो टार्नु भन्दा पनि उपाय गर्नु राम्रो हुँदाहुँदै नेपालको जलविद्युत मित्रतालाई बढावा



दिन खोजेको विषय ती खेलाडीहरूलाई थाहा छैन । नेपालले आफ्नो बिजुली निकालेर विजुली बेच्नु पर्ने आवश्यकता हुन्छ । बिजुलीको खरिदार नभए टाढा बेच्नु पर्ने भो भने त्यसको लागत बढने र खरिदकर्ता कम हुने आधुनिक आर्थिक सिद्धान्तको फेरिहस्त बुझेका विद्वानहरूले पनि भारतले नेपालको जलविद्युतमा आँखा गाडेको विचार फैलाउन सक्रिय रहेकैं छन् । त्यस्तालाई मोदीको जवाफ प्रस्ट भएको छ । तपाईका बिजुली सित्तैमा लिने छैनौं । तपाईका बिजुलीको मूल्य तिर्छौं । तपाईहरूले आफ्नो बिजुलीको मोल लगाउनुस हामी किन्न तयार छौं । यस्तो भनिरहँदा नेपालीहरूलाई विश्वास भयो । र ती राजनीतिका खेतीपाती गर्नेहरूले फैलाएका भ्रम चिरियो ।

मोदीले यस्तो गर्न सफलता पाएका छन् । यी सबै कुरो मोदीले एक सय दिनमा पूरा गरेका छन् । भारतसँग बिजुली उत्पादन र खरिद बिक्री सम्झौता पूरा भएका छन् । नेपालीहरूको हितमा अरूण तेस्रोको पीडीए सम्भौता पूरा भएको थियो । यसरी अरूण तेस्रोबाट निस्कने बिजुलीले नेपाली अर्थतन्त्रलाई ठूलो भरथेग हुने. र लोडसेडिङको समस्यामा कमी ल्याउन सहायक हुनेछ । एक सय दिन भित्र दुई पटक नेपाल भ्रमण गरिसकेका मोदीले नेपाली कृषि अर्थतन्त्रलाई सुदृढ पार्ने घुम्ती माटो परीक्षण प्रयोगशाला उपलब्ध गराए । माटो परीक्षण गरिएपछि तदनुरूपको बाली उत्पादन गर्ने कार्य पूरा गर्दा उत्पादन बढी हुनेछ । कृषि उत्पादनमा बृद्धि भए अर्थतन्त्र बलियो हुनेछ । यसली कृषि क्षेत्रमा घुम्ती माटो परीक्षण प्रयोगशालाको उपयोगिता धेरै महत्वपूर्ण साबित हुनेछ । अब किसानले खेती गरेपछि बाली नआएपछि दुख मनाउ गर्न आवश्यकता त्यतिको हुनेछैन् । अन्य सबैकुरा ठीक भए माटो अनुसारको बाली लगाउँदा उत्पादन औसत अपेक्षित हुने पक्का हुनेछ । त्यसैले मोदीले दोस्रो भ्रमणका क्रममा दिएको घुम्ती प्रयोगशाला कृषि क्षेत्रको वरदान साबित हुनेछ । त्यतिमात्रै होइन नेपाल र भारतका सहरहरूबीचको विशेष सम्बन्ध विकास गर्ने सम्झौता गरिएको थियो । नेपाल र भारतका ती सहरहरूबीच बस सेवाको उद्घाटन मोदीले गरेर नेपाल भारतबीचको सम्बन्धलाई एक नयाँ उचाई दिएका छन् ।

दोस्रो पटक मोदीले संविधानलाई सहमतिको आधारमा बनाउन भनेर दिएको अभिव्यक्तिबाट मधेशी र आदिवासी जनजाति समुदायलाई हौसला मिलेको छ । अधिकार विपन्नहरूको लडाईमा आफ्नो साथ सदैव रहने जनाउँदै मोदीले यो अभिव्यक्ति दिएका हुन् । नेपालमा अधिकार र पहिचान विप्पनहरूले अधिकार पाउनुपर्ने भनाई प्रतिको दृढतालाई स्पस्ट पारेका छन् । मोदीको पछिल्लो अभिव्यक्तिबाट मधेशीहरूको राजनीतिक दल र आदिवासी राजनीतिक दल र सशस्त्र संघर्ष गरेका माओवादीहरूलाई हौसला मिलेको बाट मोदी गरिब निमुखाको लडाई लडनेहरूको साथमा आफू रहेको प्रस्टिएको छ ।

परम्परागत अवधारणामा शासन गर्ने जनताको दोहन गर्ने प्रवृतिका पक्षपोषणहरूले मोदीको अभिव्यक्तिलाई कुटनीतिक मर्यादा विपरीत भनेपनि उनको अभिव्यक्ति आम जनताका लागि सही साबित भएको छ । बलपूर्वक ल्याइने संविधानबाट नेपालमा हुने अशान्तिबाट नेपाली सीमामा बस्नेहरूका लागि मात्रै होइन भारतका लागि अप्रिय विषय भएको बुझाई बुझेर अभिव्यक्ति दिनु जनप्रिय अभिव्यक्ति बाहेक अन्य केही हुन नसक्ने आम नेपालीको बुझाई छ र हुनुपर्छ ।

**दशकौंपछि मधेश भ्रमण**

मधेश र भारतको सम्बन्ध पौराणिक कालदेखि रहँदै आएको कुरालाई नकार्न सकिँदैन । भगवान राम र माता सीताको विवाहले पनि मधेश र भारतको सम्बन्ध कुटनीतिक, राजनीतिक नभई जनजनबीचको सम्बन्ध रहेको छ । पहिला-पहिला भारत र नेपालको उच्चस्तरीय सम्बन्ध 'दिल्ली-टु-काठमाडौं' हुने गरेको थियो । छिमेकी मुलुकका प्रधानमन्त्रीहरू राजनीतिक स्तरमा मात्र सीमित हुने गरेको थियो । तर, अब परिवेश बदलिँदै छ । हुन त भारतका प्रधानमन्त्री नेपाल भ्रमण गर्ने पनि कमै हुने गरेको छ । नरेन्द्र मोदी भारतको प्रधानमन्त्री हुँदा १७ वर्षपछि भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमण भएको थियो । तर, नेपालमा प्रधानमन्त्री हुनेबित्तिकै भारत पुग्नेपर्ने देखिएको छ ।

यता, भारतका प्रधानमन्त्रीको करिब सात दशकपछि नेपालको मधेश भ्रमण हुँदैछ । यसअघि १९५० मा कोशी ब्यारेज सप्तरीमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू आएका थिए । भारतीय प्रधानमन्त्री मोदीले गर्न लागेको यो भ्रमणबाट मधेशका आठ जिल्लासहित समग्र मधेशवासी उत्साहित देखिएका छन् । प्रदेश २ का प्रदेशसभा सदस्य तथा स्वच्छता अभियानी राम आशिष यादवले यो भ्रमण एउटा धार्मिक भएपनि यसले सामाजिक, आर्थिक र विकासमा ठूलो भूमिका खेल्ने बताए ।

**जनकपुरधाममा विकासको लहर**

मोदी नेपाल भ्रमणको क्रममा सबभन्दा पहिला जनकपुरधामबाटै प्रवेश गर्दैछन् । भारतको पटनाबाट नेपालको जनकपुरधाममा सिधा प्रवेश गर्दैछन् । उनको यो भ्रमणले जनकपुरधाममा वर्षौंदेखि हुन नसकेको चमत्कार भएको विभिन्न किसिमका टिप्पणीहरू हुँदैछन् । त्यहाँका मुख्यमन्त्रीदेखि मन्त्री, सांसद र नेता कार्यकर्ताहरू झाडु लिएर सडकमा उत्रेको दृष्यहरू हेर्न पाइयो । तर, त्यो तदारूकता देखावटी मात्र हो कि वास्तवमै जनकपुरधामलाई स्वच्छ बनाउने त्यो त पछि हेर्न नै बाँकी छ । यद्यपि, मोदीको जनकपुरधाम भ्रमणले ऐतिहासिक धार्मिक आस्थाको रूपमा रहेको जानकी मन्दिर विश्व सम्पदा सूचीमा पर्ने आशा पनि गरिएको छ । जनकपुरधाममा पर्यटनको सम्भावना पनि बढ्दै गएको बुझिन्छ । प्रदेश २ को राजधानीको रूपमा रहेको जनकपुरधामले यस भ्रमणपछि विकासमा पड्को मार्ने निश्चितझैं भएको छ । तसर्थ, जनकपुरधाममा विकासको लहर आउन लागेको भन्न सकिन्छ ।

# तिलगंगा आँखा प्रतिष्ठानलाई १० करोड हस्तान्तरण

काठमाडौं । सरकारले तिलगंगा आँखा प्रतिष्ठानलाई रू. १० करोड अनुदान उपलब्ध गराएको छ । 'नेपाल आँखा कार्यक्रम'ले उत्पादन गर्दै आएको मोतियाविन्दुको शल्यक्रियापछि राखिने इन्ट्रअकुलर लेन्स उत्पादन क्षमता अभिवृद्धि गर्न रू. १० करोड अनुदान उपलब्ध गराएको हो ।

उद्योग, वाणिज्य तथा अपूर्ति मन्त्री मातृका प्रसाद यादवले मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक तथा प्रमुख प्रा.डा. सन्दुक रूइतलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेका हुन् ।

मन्त्री यादवका स्वकीय सचिव सन्तोष विष्टले जनाएअनुसार उक्त कार्यक्रममा



*प्रतिष्ठानका कार्यकारी निर्देशक डा. रूइतलाई चेक हस्तान्तरण गर्दै मन्त्री यादव ।*

मन्त्री यादवले मोतियाविन्दुको अपरेसनपछि राखिने लेन्स उत्पादन गरी विश्वका विभिन्न मुलुकमा निर्यात गरी व्यापारघाटालाई कम गर्न महत्वपूर्ण सहयोग पुगेको बताए ।

सरकारका तर्फबाट प्रतिष्ठानलाई आवश्यक सहयोग गर्ने विश्वास दिलाउँदै उनले निर्यात प्रवर्द्धन गर्ने सबै प्रकारका उद्योगलाई सरकारले सहयोग गर्ने बताए ।

मन्त्रालयका वाणिज्य सचिव चन्द्रकुमार घिमिरेले लेन्स उत्पादन गरी निर्यात गर्ने क्षमता अभिवृद्धिका लागि अनुदान सहयोग गरेको बताए ।

कार्यक्रममा प्रतिष्ठानका प्रमुख रूइतले मन्त्रालयबाट प्राप्त सहयोगले प्रतिष्ठानको उत्पादन क्षमता अभिवृद्धि गर्ने र निर्यातलाई बढाउने विश्वास दिलाउँदै आगामी दिनमा सरकारबाट सहयोग रहने अपेक्षा गरे । प्रतिष्ठानबाट उत्पादन विभिन्न चार प्रकारका लेन्स चारदेखि पाँच लाखसम्म उत्पादन हुँदै आएको छ । उत्पादित लेन्सलाई विश्वको ३५ देशमा निर्यात गर्दै आएको छ भने यसको सबैभन्दा बढी चीन, थाइल्याण्ड र पाकिस्तानबाट माग हुने गरेको छ ।

## संक्षिप्त समाचार

### धर्मगुरू आचार्य पक्राउ

विराटनगर । धार्मिक तथा साम्प्रदायिक हिंसा फैलाउन खोजेको आरोपमा धर्मगुरू आचार्य श्रीनिवासलाई प्रहरीले पक्राउ गरेको छ । धर्मगुरू आचार्यले आफैले योजना बनाएर गत चैत २५ गते आफैमाथि गोली प्रहार गराएको विशेष प्रहरी अनुसन्धान टोलीको दाबी छ । विशेष प्रहरी अनुसन्धान टोलीले धर्मगुरू आचार्य त्रिभुवन विमानस्थलबाट सोमबार बिहान विमानस्थल क्षेत्रबाट पक्राउ गरेको हो । विशेष प्रहरी अनुसन्धान टोलीका अनुसार आचार्यलाई गोली हान्ने उनकै अंगरक्षक रहेका छन् । आचार्यका अंगरक्षक चितवनको भरतपुर महानगरपालिका बेलचोकका २९ वर्षीय माधव चौधरी र गोली र पेस्तोलको व्यवस्थापन गर्ने नवलपरासीको गैंडाकोट नगरपालिका-५ का ३२ वर्षीय खान र सन्तोष भन्ने लक्ष्मीराज अधिकारीलाई पनि टोलीले पक्राउ गरेको हो ।

### महानगरका खाल्डाखुल्डी पुरिँदै

वीरगन्ज । वीरगन्ज महानगरपालिकाको सडकमा रहेका खाल्डाखुल्डी पुरिने कार्य सुरू भइरहेको छ । मर्मत सम्भारको अभावमा जीर्ण रहेको सडकहरूलाई प्याचिङ गर्न थालिएको हो । सडक विभागले वीरगन्जको रजतजयन्तीचोकदेखि गण्डकसम्मको सडकमा खाल्डाखुल्डी पुर्नका लागि प्याचिङ गर्न थालेको हो । सडक विभागले प्याचिङका लागि २२ लाख रूपैयाँ लाग्ने अनुमान गरेको छ । इमल्सन, चिप्स, वेस र मेटल मिलाएर प्याचिङको काम भइरहेको छ । वीरगञ्जको मुख्य सडकमा पूर्वतर्फ भन्दा पश्चिमतर्फको सडकमा बढी खाल्डाखुल्डी छ ।

### गुप्ता, दास र गौतम वरिष्ठ पत्रकार घोषित

रौतहट । नेपाल पत्रकार महासंघ रौतहट शाखाले तीन जना पत्रकारलाई वरिष्ठ पत्रकार घोषणा गरेका छन् । कार्य समितिको सोमबार बसेको बैठकबाट रौतहट शाखाका पूर्वसभापति एवं नेपाल टेलिभिजनका रौतहट प्रतिनिधि शैलेन्द्र गुप्ता, मार्गदर्शन हिन्दी साप्ताहिकका प्रधान सम्पादक विनय कुमार लाल दास र विपिन गौतमलाई वरिष्ठ पत्रकार घोषणा गरेका हुन् । केन्द्रीय कार्यालयको पूर्व सर्कुलरअनुसार जिल्लास्तरीय वरिष्ठ पत्रकार चयन गरिएको महासंघका सभापति रविन्द्र साहले बताएका छन् । पत्रकारिता क्षेत्रमा २० वर्षको कार्य अनुभवको आधारमा वरिष्ठ पत्रकारको उपाधि दिइएको हो ।

### वीरगन्जमा काष्ठमण्डपको ब्यूरो कार्यालय

वीरगन्ज । राजधानीबाट संचालित काष्ठमण्डप टेलिभिजनको ब्यूरो कार्यालय वीरगन्जमा उद्घाटन भएको छ । प्रेस मंच नेपालका केन्द्रीय अध्यक्ष संतोष पटेलले काष्ठमण्डप टेलिभिजनको ब्यूरो कार्यालय उदघाटन गरेका हुन् । माईस्थान चौकस्थित बारा र पर्सा जिल्लाको सयुक्त ब्यूरो कार्यालय उद्घाटन गर्दै प्रमुख अतिथि पटेलले पत्रकारिता अति नै सम्वेदनशील पेसा हो एक जना पत्रकारले गलत गर्दा सम्पूर्ण पत्रकारहरू माथी औंला उठ्छ त्यसकारण जिम्मेवारी एवं जवाफदेहिताका साथ कार्य गर्न सुझाव दिएका थिए । धेरै अवसर रहेको यस क्षेत्रमा इमानदारिताका साथ कार्य गरे सफलता आफै मिल्ने पटेलले धारणा राखे । पटेल हिन्दू परिषद् नेपालका केन्द्रीय अध्यक्ष समेत रहेका छन् ।

### प्रदेश १ को पहिलो बैठक अन्त्य

विराटनगर । प्रदेश नं १ को पहिलो प्रदेशसभा अधिवेशन ११ वटा विधेयक पारित गर्दै अन्त्य भएको छ । यससम्बन्धी प्रदेश प्रमुख डा गोविन्दबहादुर तुम्वाहाङबाट प्राप्त पत्र सभामुख प्रदीपकुमार भण्डारीले पढेर सुनाएका थिए । अधिवेशन बुधबार राति १२ बजेदेखि अन्त्य भएको हो । प्रदेशसभाको पहिलो बैठक गत माघ २२ शुरू भएको थियो ।

### घुससहित विद्युत प्राधिकरणका कर्मचारी पक्राउ

नेपालगन्ज । अख्तियार दुरूपयोग अनुसन्धान आयोग कोहलपुरले यहाँस्थित नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रका तीन जना कर्मचारीलाई सेवाग्राहीसँग घुस लिइरहेको अवस्थामा पक्राउ गरेको छ । प्राधिकरणका इलेक्ट्रिकल इन्जिनियर निसार अहमद खान, इलेक्टिकल सुपरभाइजर विक्रान्त शुक्ला र सहयोगी गिरवरलाल धोबीलाई सेवाग्राहीबाट रू १५ हजार घुस लिँदै गर्दा पक्राउ गरिएको हो । पक्राउ परेका तीनैजनाले सेवाग्राहीलाई मिटर जडान गरिदिने र नामसारी गरिदिने भनेर घुस माग गरेको बताइएको छ ।

### हाइसको ठक्करबाट महिलाको मृत्यु

सिरहा । हाइस गाडीको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । धनगढी नगरपालिका( ८ कसहा चोक स्थित बा.४ ख ६६७२ नम्बरको हाईस गाडीले साईकल यात्री गोलबजार नगरपालिका -१२ बेतौना बस्ने ५९ वर्षीय राम उद्गार गडौरी र निजको श्रीमती ५५ वर्षीया बिल्टी गौडेरीलाई आइतबार ठक्कर दिएको थियो । ठक्करबाट गम्भिर घाइते भएकोले उपचारको लागि लहान स्थित रा।उ।अस्पताल लैजाने क्रममा बिल्टीको बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । हाईस चालक झापा बुद्धशान्ति गाउँपालिका-१ बस्ने २८ वर्षीय किशोर चापागाईलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### बसमा बम प्रहार

सुनसरी । सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका-४ स्थित धरान इटहरी सडकखण्डमा शनिबार दिउँसो गुडिरहेको बसमा अपरिचित व्यक्तिले विस्फोटक वस्तु प्रहार गरेको छ । धरानबाट काँकडभिट्टतर्फ जाँदै गरेको मे१ख २७३४ नंको सूर्योदय दिवा सेवाको बसलाई लक्षित गरी बाहिरबाट फालिएको वस्तु विस्फोट हुँदा सोही बसमा यात्रारत धरान-१६ का तीन वर्षीय हेलेन गौतमको टाउकामा सामान्य चोट लागेको छ । इटहरी चोकदेखि करीब ४०० मिटर उत्तरतर्फको सडकमा गुडिरहेको यात्रुबाहक बसमा अकस्मात् कसैले विस्फोट हुने वस्तु प्रहार गरेको र त्यो वस्तु बस बाहिर लागेर आवाजसहित विस्फोट भएको जनाइएको छ ।

### अटोरिक्सा दुर्घटनामा एकको मृत्यु

सप्तरी । राजविराज-कुनौली सडक खण्डमा अटो रिक्सा दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । राजविराजबाट तिलाठी जाँदै गरेको स १ ह १८२२ नं को अटोरिक्सा अनियन्त्रित भई दुर्घटना हुँदा तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठीका ७० वर्षीय फुलो मिश्राको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । अटोमा सवार भारतीय नागरिकसहित छजना घाइते भएका छन् ।

### बाँकेमा प्रेसर कुकर बम विस्फोट

नेपालगञ्ज । बाँके जिल्लाको हवल्दारपुरमा रहेको कालिका निर्माण कम्पनीको साइट अफिसमा अज्ञात समूहले प्रेसर कुकर बम विस्फोट गराएको छ । शुक्रबार राति करीब साढे १२ बजेको समयमा प्रेसर कुकर बम विस्फोट भएको जनाइएको छ । बम विस्फोटबाट कुनै मानवीय क्षति नभएको प्रहरीले बताएको छ । घटनामा संलग्न भएको आशंकामा प्रहरीले एकजनालाई पक्राउ गरेको छ ।

### मदरसामा पहिलो पटक कम्प्युटर शिक्षा

नवलपरासी । नवलपरासी जिल्लाको मदरसामा पहिलो पटक कम्प्युटर शिक्षा अध्यापन सुरू भएको छ । पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिकामा रहेको मुस्लिम समुदायका बालबालिकाले अध्ययन गर्ने मदरसामा जिल्लामै पहिलो पटक कम्प्यूटर शिक्षाको अध्यापन सुरू गरिएको छ । प्रतापपुर गाउँपालिका-६ मा मदरसा मदिनतूल ओलुम विद्यालयमा कम्प्यूटर शिक्षाको अध्ययन शुरू गरिएको हो । मदरसा शिक्षालाई आधुनिकीकरण बनाउनका लागि सो मदरसाले यस जिल्लामा पहिलो पटक यस्तो शिक्षा सञ्चालन गरेको छ ।

### सांस्कृतिक पदयात्रा हुँदै

धनगढी । प्रदेश ७ को महत्वपूर्ण पर्यटकीयस्थल खप्तडमा अन्तर्राष्टिय पदयात्रा तथा काव्य सम्मेलनको आयोजना सुरू हुँदैछ । गंगा दशहराको अवसर पारेर नेपाली साहित्य तथा सांस्कृतिक प्रतिष्ठान गोदावरी कैलालीले पदयात्रा तथा काव्य सम्मेलन गर्न लागेको हो । पदयात्रा शुक्रबारबाट कैलालीको गोदावरीबाट सुरू हुँदैछ ।

### डुबेर महिलाको मृत्यु

कपिलवस्तु । बुद्धभूमि नगरपालिका-९ स्थित डुमरा महाराजगन्ज सडकखण्ड छेउमा जमेको पानीमा डुबेर एक महिलाको मृत्यु भएको छ । ३० वर्षीया सँगीता पाण्डेको बुधबार डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

# मोदीको स्वागतमा जनकपुरको यस्तो तयारी







फोटोफिचर






## प्रदेश ५ को लोगो, कर्मचारीको लोगो र बेवसाइट सार्वजनिक

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश ५ को पहिचान दिने प्रदेश चिन्ह अर्थात लोगो सार्वजनिक भएको छ । लोगोमा माथि सिस्ने हिमाल,बीचमा गौतमबुद्ध जन्मस्थल लुम्बिनी तथा शान्ति दीप, छेउमा धान र जौका बाला र तल लैङगिक समानता झल्किने प्रतिक सहित लोगो तयार पारिएको हो । लोगोलाई बुटवलमा विशेष कार्यक्रमका बीच प्रदेश ५का सभामुख पूर्ण घर्ती लगायतले सार्वजनिक गरे । लोगो बनाउन सार्वजनीक आब्हान गरिएको थियो । त्यसमा सहभागिता जनाएका १२ जना मध्येबाट दाङको तुलसीपुर उपमहानगरपालिका १ का खगेश्वर भन्डारीले निर्माण गरेको लोगो छनौट भएको थियो । त्यस्तै प्रदेशका कर्मचारीहरूका लागि भिन्दै लोगो पनि सार्वजनिक भएको छ लोगो बनाउनका लागि २०७४ फागुन २४ गते मिडिया मार्फत रूपमा नमुना आब्हान थियो । लोगो निर्माणकर्ता २ जनालाइ सम्मान गरिने छ । उनलाइ नगद २५ हजारले पुरस्कृत गरिएको छ । त्यस्तै प्रदेशसभा सचिबालयका कर्मचारीका लागि रूपन्देही तिलोत्तमा ९ मंगलापुरका सुधिर अर्यालले बनाएको लोगो छनोट भएको छ । र उनि द्वितीय भएका छन् । उनलाइ नगद १५ हजार प्रदान गरिएको छ सोही कार्यक्रममा  प्रदेश सभा नियामाबलीसमेटेर तयार पारिएको पुस्तक प्रदेशसभा ५ को आधिकारीक बेवसाइट पनि सार्बजनिक गरिएको जुन www pradeshsabhap5govnp रहेको छ ।

## नेपाली कलाकार टोली बंगलादेशमा




काठमाडौं । बंगलादेशको राजधानी ढाकामा सोमबारदेखि सुरू भएको नेपाल कला सप्ताहमा सहभागी हुन विभिन्न विधाका नौ जना नेपाली कलाकार बंगलादेश पुगेका छन् । नेपाल ललितकला प्रतिष्ठानकी कुलपति एवं वरिष्ठ कलाकार रागिनी उपाध्यायको नेतृत्व रहेको उक्त कलाकार टोलीमा रमेशध्वज श्रेष्ठ, एसी सुमन, सुष्मा राजभण्डारी, गणेशकुमार जिसी, चन्दा श्रेष्ठ, रञ्जु यादव, मनोज तामाङ र कान्छाकाजी भासिमा छन् । श्रेष्ठ, सुमन र राजभण्डारी ललितकला प्रतिष्ठानका परिषद् सदस्य हुन् भने जिसी र चन्दा श्रेष्ठ प्रतिष्ठानका सभा सदस्य हुन् । यसैगरी कलाकार यादवले मिथिला लोककला, तामाङले समसामयिक कला र भासिमाले हस्तकलालाई प्रतिनिधित्व गर्दै बंगलादेश गएका हुन् । बंगलादेशको संस्कृति मन्त्रालय र बंगलादेश शिल्पकला प्रतिष्ठानको आयोजनामा उक्त कार्यक्रममा नेपालको कला र संस्कृति झल्किने गरी कला सप्ताह भइरहेको प्रतिष्ठानले जनाएको

## गाली गर्ने सचिवविरुद्ध उजुरी

राकेश यादव, रौतहट । नेपाल पत्रकार महासंघ रौतहट शाखाका सचिव गौतम श्रेष्ठविरूद्ध आइतबार उजुरी परेको छ । नेपाल पत्रकार महासंघको प्रादेशिक निर्वाचन अन्तर्गत शनिबार भएको मतदानको क्रममा अत्यधिक रूपमा रक्सी सेवन गरी मतदान केन्द्र आई संघीय समाजवादी प्रेस फोरमको उम्मेदवार विजय कुश्वाहाको प्रतिनिधि राकेश कुमार यादव, रौतहट शाखाका कार्यालय सहयोगी एवं स्थानीय एक दैनिक पत्रिकाका संवाददाता सत्येंद्र प्रताप सिंह, ओमप्रकाश गिरीलाइ अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेकोले छानविन गरी कार्यवाही गरी पाउनको लागि सचिव श्रेष्ठ माथि उजुरी दायर भएको हो ।

मतदान भई रहेको बेला मतदान गर्न आएका श्रेष्ठले विना कारण गाली गलौज गरेको पीडित राकेश यादवले जनाएका छन् । राष्ट्रिय मीडियाको पत्रकार हुनुको साथै एमाले, कांग्रेस र माओवादी गठवन्धनको समर्थक श्रेष्ठले चुनावमा धांधली गर्ने उद्देश्यले गाली गलौज गरेको उजुरीकर्ता सत्येंद्र सिंहको आरोप रहेको छ । महासंघले छानविन गरी कार्यवाही गरेन भने न्यायका लागि अदालतमा मुद्दा हाल्ने यादवले बताए । अदालतमा जान्छौं त्यहा पनि न्याय पाएन भने जुनसुकै वेला प्रतिकार गर्ने यादवले चेतावनी दिएका छन् । पीड़ित यादव महासंघको साधारण सदस्य हुनुको साथै मधेशवाणी राष्ट्रिय साप्ताहिक रौतहट संवाददाता समेत हुन् । महासंघका अध्यक्ष रविन्द्र साहले निवेदन दर्ता भइसकेकोले उपस्थित गराएर कार्यवाहिको प्रक्रिया अगाडी बढाउने बताएका छन् ।

## वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी गठन

काठमाडौं । नेकपा (माओवादी केन्द्र) परित्याग गरेका विश्वभक्त दुलालको नेतृत्वमा वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालको ५१ सदस्यीय समिति गठन गरिएको छ । दुलालले जारी गरेको विज्ञप्तिमा सबै प्रकारको शोषण, उत्पीडन र पर्यावरण विनासका विरूद्धमा वर्गसंघर्षलाई नयाँ धरातलमा उठाउने संकल्पसहित नयाँ वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल निर्माण गर्न लागिएको जानकारी दिइएको छ । सार्वजनिक गरिएको विज्ञप्तिअनुसार वैचारिक राजनीतिक तथा सांगठनिक अभियान समितिमा रमेश सुनुवार, ध्रुव पराजुली, विदुर खरेल, धनकुमारी सुनार, नवीन रिमाल, बलराम तिमल्सिना, बन्धुविक्रम क्षेत्री, राजेश्वरी सुवेदी, जागृत रायमाझीलगायत ५१ जना रहेका छन् ।

## राष्ट्रिय सूचना आयोगको स्थापना दिवस मनाइयो

काठमाडौं । राष्ट्रिय सूचना आयोगले आफ्नो १० औं स्थापना दिवसका अवसरमा आयोग परिसरमा आज शुभकामना आदानप्रदान तथा चियापन कार्यक्रम गरेको छ । मुलुकमा राजनीतिक परिवर्तनभएसँगै विसं २०६५ वैशाख २२ गते उक्त आयोगको स्थापना भएको थियो । 'सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार' भन्ने नाराका साथ आयोगले लोकतन्त्रमा सूचनाको हक तथा सरकारी कार्यालयका काम कारबाही र आर्थिक पारदर्शीताको महत्वकाबारे जागरण गराउँदै आएको छ ।



"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# भारत र पाकिस्तानबीच 'ब्याक च्यानल डिप्लोमेसी'

**इकबाल अहमद**

पाकिस्तानबाट प्रकाशित हुने उर्दू भाषाका पत्रपत्रिकामा यस साता भारत-पाकिस्तान 'ब्याक च्यानल डिप्लोमेसी' का अतिरिक्त पाकिस्तानको आन्तरिक सत्ता राजनीतिसित जोडिएका समाचार सबैतिर छाइरहे । आउनुहोस्, सबैभन्दा पहिले चर्चा गरौँ भारत र पाकिस्तानबीच हुने ब्याक च्यानल डिप्लोमेसीबारे ।



पाकिस्तानी पत्रिका 'एक्सप्रेस' का अनुसार भारत र पाकिस्तानका जेलमा बन्दी जीवन बिताइरहेका कैदीहरूको रिहाइको सम्भावना बढेको छ । पत्रिकाले लेखेको छ कि इस्लामाबादमा रहेका भारतीय उच्चायुक्त अजय बिसारियाका अनुसार भारत र पाकिस्तानबीच सम्बन्धमा न्यानोपन आउन सुरू भएको छ र दुवै देशका जेलमा रहेका ती तमाम कैदी, जो आफ्नो सजाय पूरा गरेपछि पनि वर्षौंदेखि जेलमै छन्, रिहा होऊन् भन्ने कोसिस गरिँदै छ ।

बिसारियाले पाकिस्तानका जेलमा बन्दी बनेका एक भारतीय नागरिकको रिहाइका लागि पाकिस्तान सरकारलाई धन्यवाद दिएका छन् । २२ वर्षीय जितेन्द्र थालेसिमियाका बिरामी छन् र स्वास्थ्यका कारण दर्साउँदै उनलाई रिहा गर्ने निर्णय पाकिस्तान सरकारले गरेको हो ।

अब जवाफमा भारतले पनि पाकिस्तानी नागरिक नसरिन अख्तरलाई रिहा गर्नेछ । ५६ वर्षीय नसरिन २००६ देखि भारतीय जेलमा छन्, उनीमाथि लागुपदार्थ तस्करीको आरोप छ । यसै आधारमा अजय बिसारियाले भनेका छन् कि छिटै दुवैतर्फका कैदीलाई रिहाइ गरिनेछ ।

भारत र पाकिस्तानबीचको सम्बन्धमा न्यानोपन आउन सुरू भएको छ । दुवै देशका जेलमा रहेका बन्दी मुक्त गर्ने प्रक्रिया अघि बढेको छ ।

यथार्थमा यो सबै ब्याक च्यानल नतिजाकै परिणाम हो । अप्रिल महिनाको अन्त्यमा एक भारतीय प्रतिनिधिमण्डलले पाकिस्तानको भ्रमण गरेको थियो । पाकिस्तानी मामिलाका जानकार विवेक काटजू र एनसिइआरटीका प्रमुख जेएस राजपूत भारतीय टोलीका सदस्य थिए । त्यस भ्रमणपछि मात्र कैदीबन्दीको रिहाइको विषयमा कुराकानी भइरहेको छ ।

**जर्दारी र इमरानबीच निकटता ?**

पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) का सहअध्यक्ष आसिफ अली जर्दारीले भनेका छन् कि निर्वाचन पनि आवश्यकता परेको खण्डमा इमरान खानका साथ गठबन्धन हुन सक्छ । 'एक्सप्रेस' पत्रिकाका अनुसार जर्दारीले भनेका छन् कि सिनेटको निर्वाचनमा इमरान खानसित सम्झौता हुन सक्यो भने आमनिर्वाचनपछि पनि हुन सक्छ । पूर्वप्रधानमन्त्री नवाज सरिफमाथि आक्रमण गर्दै जर्दारीले भनेका थिए कि सरिफले लोकतन्त्रमाथि हानि पुऱ्याएका छन् ।

जर्दारीले भनेका थिए- मैले ११ वर्ष जेल सजाय भोगेर लोकतन्त्र कायम गराएँ तर नवाज सरिफले लोकतन्त्रको नोक्सानी पुऱ्याएका छन् । सरिफले मुगल बादसाह र शाहज्यादा सलिम बनेर लोकतन्त्रका लागि हुनेवाला सम्पूर्ण कोसिसमाथि पानी खन्याइदिएका छन् तर जर्दारीका छोरा र पिपिपीका अध्यक्ष बिलावल भुट्टोले नवाज सरिफ र इमरान खान दुवैमाथि जोडदार आक्रमण गरेका छन् ।

पाकिस्तानी पत्रिका 'जंग' अनुसार बिलावल भुट्टोको भनाइ थियो– इमरान खान र नवाज सरिफ दुवैलाई मात्र सत्तासित चासो छ । उता इमरान खानले पनि नवाज सरिफमाथि जोडदार आक्रमण गरेका छन् । 'जंग' पत्रिकाका अनुसार अदालतबाट बाहिर आएर पत्रकारसित कुराकानीका क्रममा इमरान खानको भनाइ थियो– जर्दारी जस्ता छन्, त्यस्तै देखिन्छन् तर सरिफ भने चोरी गरेर पीडित बन्ने गर्छन् ।

नवाज सरिफमाथि व्यक्तिगत आक्रमण गर्दै इमरानले भने - मियाँ साहेबको दिमाग हल्लेको छ । उनले डाक्टरबाट जाँच गराउनु ठीक हुन्छ । उनी भनिरहेका छन् - इमरान खानलाई भोट दिनु भनेको सेनालाई भोट दिनु जस्तै हो ।

(अहमद बिबिसी संवाददाता हुन्) – नयाँ पत्रिका दैनिकबाट साभार

# साउदी जेलमा बन्दी रहेकालाई छुटाउन प्रधानमन्त्रीद्वारा ३० लाख हस्तान्तरण

काठमाडौं । दुई वर्षदेखि साउदी जेलमा बन्दी जीवन बिताइरहेका प्रेमबहादुर राईको रिहाइको सहयोगार्थ उठेको रकम प्रधानमन्त्री केपी शर्मा ओलीले परिवारका सदस्यहरूलाई हस्तान्तरण गरेका छन् । यातायात दुर्घटनामा जेल परेका राईलाई साउदी अदालतले तोकेको जरिवाना तिर्न नसकेपछि उनी दुई वर्षदेखि बन्दी जीवन बिताइरहेका छन् ।

एबीसी टेलिभिजनबाट सञ्चालित हुँदै आएको इन्द्रेणी कार्यक्रमले संकलन गरेको ३० लाख ९ हजार ४७ रूपैयाँ नगद प्रधानमन्त्री ओलीले प्रेमबहादुर राईकी पत्नी सरिता राईलाई प्रदान गरेका थिए । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बेलुका आफूलाई भेट्न आइपुगेको राईको परिवार र इन्द्रेणी सांगीतिक समूहसँग कुरा गर्दै प्रधानमन्त्री ओलीले प्रेमबहादुरको जेल मुक्तिका लागि साउदी सरकारसँग कुरा गर्ने बताए ।

सो अवसरमा प्रधानमन्त्री ओलीले विश्वको अन्य देशका नागरिक र नेपाली नागरिक विदेशिनु पर्ने कारण फरक रहेको बताए । नेपाली नागरिक विदेशिने तरिका डरलाग्दो रहेको प्रधानमन्त्रीको भनाई थियो ।

प्रधानमन्त्री ओलीले भने, 'अरू देशका नागरिक फरक तरिकाले विदेश जान्छन् । हामी जस्तो प्रकारले विदेश गएका छौं, त्यो डरलाग्दो छ । गरिबी र दु:ख हटाउन जान्छौं, त्यसमाथि ठगिन्छौं । अज्ञानता र सोझोपनको शिकार हुन्छौं र झन् दु:ख पाउँछौं ।'

नेपालीहरूलाई स्वदेशमै रोजगारी दिलाउन र गरिबी हटाउन आफ्नो नेतृत्वमा सरकार बनेको प्रधानमन्त्री ओलीले बताए ।

'हाम्रो राष्ट्रको ढुकुटीको अवस्थात्यति राम्रो छैन, तर अबहामीले हाम्रै देशमाउत्पादन बढाउनु छ, उद्योग खोल्नुछ, यहिँ रोजगारी रिर्जना गर्नुछ । त्यसकालागि यो सरकार बनेको हो,' प्रधानमन्त्री ओलीले भने ।

विदेशमा बन्दी जीवन बिताइरहेका नेपालीको उद्धारका लागि सहयोग संकलन गरेकामा इन्द्रेणी सांगीतिक कार्यक्रमको टोलीलाई प्रधानमन्त्री ओलीले प्रशंसासहित धन्यवाद दिए ।

कार्यक्रममा इन्द्रेणी सांगीतिक समूहका कृष्ण कंडेलले प्रेमबहादुर राईको रिहाइका लागि ९५ लाख नेपाली रूपैयाँ चाहिने र अहिलेसम्म ७१ लाख रूपैयाँ संकलन भइसकेको बताए ।

# बुटवल उपमहानगरपालिका सडक मानवरहित हुने

चन्द्रकान्त खनाल, रूपन्देही । बुटवल उपमहानगरपालिका र मानव सेवा आश्रम रूपन्देहीकाबीच सडक मानवरहित अभियानअन्तर्गत सञ्चालन गरिने आश्रमको स्थापना र संचालन विधि सम्बन्धी समझदारी भएको छ । बुटवल उपमहानगरपालिका भित्र र आसपासका क्षेत्रमा सहयोगापेक्षी सडक मानवहरूलाई मानवोचित सेवा तथा स्याहार एबं औषधोपचार गराई पारिवारिक/सामाजिक पुनर्स्थापना जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउने विषयमा सम्झौता भएको छ ।

बुटवल उप-महानगरपालिकालाई २०७५ असार मसान्त भित्रमा सहयोगापेक्षी सडक मानवरहित नगर घोषणा गर्ने गरी विशेष अभियान चलाइने भएको छ ।

'मान्छेको बाच्न पाउने अधिकारलाई सुनिश्चित गर्ने उद्धेश्यबाट यो समझदारी गरीएको हो, यस्मा अरू सामाजिक संघ संस्थाहरूको पनि सहकार्य जरूरी छ' उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदीले बताए ।

बुटवल उप-महानगरपालिकाले सेवा संचालन गर्नका लागि आबश्यक जग्गा तथा आबासको समेत व्यबस्थापन गर्ने भएको छ । उपमहानगरपालिकाद्वारा स्थापना गरीने उक्त सहयोगापेक्षी सडक मानव आश्रमको अन्य सम्पूर्ण व्यबस्थापनको कार्य मानव सेवा आश्रम रूपन्देही शाखाले गर्ने गरी सम्झौता भएको बुटवल उप महानगरपालिकाका प्रवक्ता रामप्रसाद रेग्मीले जानकारी दिए ।

मानव सेवा आश्रम रूपन्देही शाखाले सो आश्रम संचालनका लागि उपमहानगरपालिकासंग समन्वय र सहकार्य गर्नुपर्ने छ ।सडक मानवहरूको मानवोचित सेवा तथा स्याहारलगायतका व्यबस्थापन गर्ने सन्दर्भमा स्वदेशका अरू वैधानिक संघ संस्थाहरूबाट समेत सहयोग जुटाउन सक्ने भएको छ ।

'बुटवल उप महानगरपालिकाको सहकार्यमा संचालित मानव सेवा आश्रम बुटवल, रूपन्देही' नाममा यो आश्रम सञ्चालन गरिने भएको उपमहानगरपालिकाका निमित्त प्रशासकीय अधिकृत विष्णु खनालले जानकारी दिए ।

अर्को व्यवस्था नभएसम्मका लागि मानव सेवा आश्रमको सेवा बुटवल उप महानगरपालिका वडा नं. १३ जितगढी स्थित विगतमा विश्व खाद्य कार्यक्रमको सहयोगमा निर्मित संरचना समेतबाट संचालन गरिने वडा नं. १३ का अध्यक्ष नारायणप्रसाद पुनले जानकारी दिए ।

उपमहानगरपालिकाका तर्फबाट प्रमुख सुवेदी र मानव सेवा आश्रमका तर्फबाट रामजी अधिकारी ले हस्ताक्षर गरेका छन् । अहिले बुटवल उपमहानगरले नगर भित्र देखिएका वा रहेका सडक मानवहरूको तथ्यांक संकलनको काम गरिरहेको छ ।

# समाज सुन्दर बनाउन महिलाको महत्वपूर्ण भूमिका हुन्छ : नगरप्रमुख

सिरहा । गोलबजार नगरपालिकाका नगर प्रमुख देवनाथ साहले सुन्दर समाज निर्माणमा महिलाको महत्वपूर्ण भूमिका रहने गरेको बताएको छ । नगरपालिकाको सहयोग र उपभोक्ता समिति गोलबार नगारपालिका ४ ले आयोजना गरको सामाजिक रूपान्तरणको लागि महिला तथा पुरूष कानुनी सचेतना तालिमको आज उद्घाटन गर्दै नगरप्रमुख साहले घर सुन्दर भए समाज सुन्दर हुने बताउँदै समाजको विकासमा महिलाहरूको पनि महत्वपूर्ण योगदान रहने गरेको जनाए ।

एउटा घरलाई कसरी व्यवस्थित बनाउने, त्यसको मुख्य भुमिका महिलाकै काँधमा रहेको नगरप्रमुख साहले जनाए । उनले भने, 'दिनभरी कामले थकित्त भएर आएको एउटा पुरूषलाई घरमा आउने वित्तिकै श्रीमतीले मुसुक्क हासेर एक कप चिया मात्रै खान दिएपछि उनको दिनभरीको थकान दुर हुन्छ । तर, त्यही महिलाको सानो व्यवहारले परिवार नै तहसनहस हुन्छ ।'

नगरप्रमुख साहले महिलाले जस्तोसुकै श्रीमान भएपनि उनीहरूको सवैखाले हिंसा सहेर वस्नुपर्छ भन्ने आफ्नो मान्यता नभएको जनाए । उनले खराव आचरण भएका, दिनहु रक्सि खाएर आउने श्रीमानको पिटाई सहेर उनीहरूलाई रिझाउनु पर्छ भन्ने मान्यता आफ्नो नभएको पनि समेत खुलाए ।

महिलामाथि थिचोमिचो गर्ने, रक्सि खाएर वितण्डा मचाउने पुरूषहरूलाई तह लगाउने शक्ति पनि महिलाहरूमा नै रहेको नगरप्रमुख साहले बताए । उनले भने, 'महिलाहरूसँग यति शक्ति छ की, खराव पुरूषलाई पनि सहि ठाउँमा ल्याउन सक्छन्, समाज तथा पुरूषहरूलाई सहि ठाउँमा ल्याउन कठिनाई भएमा नगरपालिका पनि त्यस काममा तपाईहरूको साथमा रहन्छ ।'

नगर उपप्रमु रेशम कुमारी थापाले महिला अझैपनि विभेदमा रहेको भन्दै उनीहरूलाई सवै क्षेत्रमा प्रतिनिधित्वको लागि समान अवसरको खाँचो रहेको बताए । उनले त्यसको लागि महिलाहरूलाई थप सक्षम, योग्य तथा दक्ष बनाउन नगरपालीकाले अझै महिलामा लगानी गर्नु पर्ने जरूरी रहेको औंल्याए ।

सोही क्रममा वडा नं. ४ का वडाअध्यक्ष राजदेव यादवले महिलाहरूले आफ्नो अधिकार र कर्तव्यको विषयमा पनि जानकारी राख्नु आवश्यक रहेको जनाए । उनले आफू जहिले पनि वडाको समग्र विकासको सहयोग गर्न तयार रहेको अध्यक्ष यादवले बताए । उनले भने भने, 'मैले जहिले पनि भन्ने गरेको छु, म वडाको विकास सम्झेर होइन घरको विकास सम्झेर लाग्ने छु, त्यसकोलागि तपाईहरूको मलाई सहयोग आवश्यक छ ।'

उद्घाटन मन्तव्यको क्रममा नगर कार्यपालिका सदस्य गंगा कुमारी, वडा सचिव हरिलाल मोची, वडा सदस्य संजिव महरा, संचारकर्मी रामबाबु यादव कार्यक्रममा सहजकर्ता अधिवक्ता सुनिल साहले सुझाव सहितका मन्तव्य राखेका थिए ।

उपभोक्ता समितिका अध्यक्ष ओमकुमारी साहले संचालन गरेको उद्घाटन कार्यक्रमको अध्यक्षता गीता अधिकारी र स्वागत शुशिला गोपालीले गरेका थिए ।

## जिल्ला समाचार

### डकर्मी तालिम सम्पन्न

राकेश यादव, रौतहट । नेपाल सरकार तथा बेलायत सरकार द्वारा संचालित सामुदायिक विकास कार्यक्रम जिल्ला परियोजना रौतहटको आयोजनामा सदरमुकाम गौरमा आयोजित ४५ दिने रोजगारमूलक डकर्मी तालिम आइतबार सम्पन्न भएको छ । नेपाल ग्रामीण पुनर्निर्माण सस्था द्वारा संचालित सीडीपीले बेरोजगार युवकलाइ आत्मनिर्भर बनाउने उदेश्यले तालिमको आयोजना गरिएको थियो । तालिममा १९ जना युवाहरू सहभागी रहेका थिए । पाथिभरा हिमालयन पा'लिटेक्निक इंस्टिच्यूटको प्राविधिक सहयोगमा संपन्न तालिममा सहभागीहरूलाई प्रशिक्षकद्वय जीतेन्द्र साह, विजय साहले पिलरको छड कसरी बाँधने, भूकम्प प्रतिरोधक घरको दीवाल कसरी जोड़ने लगायतका कुराको शिप सिकाएका हुन् । जिल्ला संयोजक लिलबहादुर कार्कीको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा प्रमुख अतिथि उद्योग विकास अधिकृ जयकान्त झाले तालीममा लिएका शिप आफ्नो जीपीकोपार्जनको लागि व्यहारमा लागु गर्नुपर्ने जोड दिएका छन् । कार्यक्रममा आधारभूत विद्यालय बाल मन्दिरका प्रध्यानाध्यापक गणेश यादव, सहयोगी सस्थाका प्रमुख कृष्णा साह, पत्रकार राकेश कुमार यादव, जीविकोपार्जन तथा सुसाशन अधिकृत युवराज कार्की लगायतका व्यक्तिहरूले शुभकामना मन्तव्य राखेका थिए । तालीममा सहभागी भएकालाइ प्रमाण पत्र सहित कार्य गर्नको लागि उपयोगी हुने खालका उपकरणहरू सहयोग दिइएको छ ।

### शुद्धोधनको पाँच ऐन पारित

मणि प्रसाद गैह्रे, कपिलवस्तु । शुद्धोधन गाउँपालिका लवनी कपिलवस्तुले ५ वटा विभिन्न ऐनहरू पारित गरेको छ । लवनीमा सम्पन्न दोस्रो गाउँसभाबाट उक्त ऐनहरू सर्वसम्मति रूपमा पारित भएको हो । पारित ऐनमा शिक्षा ऐन २०७५,प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ , स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७५ ,न्याय समित कार्यविध २०७५ र एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्यविधि २०७५ पारीत गरेको छ । गाउंपालिकाका अध्यक्ष निसार अहमद खां द्धारा पस्तुत गरिएको उक्त ऐनहरू सर्वसम्मतीबाट पारित भएका थिए । गाउंपालिकाकामा परिषदबाट पारित योजनाहरू मध्ये ७० प्रतिशत योजना सम्पन्न भएको र अन्य कामहरू सम्पन्न हुने कममा रहेको बताए । कार्यकममा वोल्दै सांसद अतहर कमालले गाउंपालिका आर्थिक विकासको लक्ष्य पुरा गर्न लागेको हुंदा अव गाउंपालिकाले समामाजिक विकास तर्फका कामहरू गरि शिक्षित गाउंपालिका र न्यायिक गाउंपालिका वनाउन पर्ने वताए । उक्त महिला, शिक्षा तथा सामाजिक विकासको लागी गाउंपालिका, प्रदेश सभा सदस्य र प्रतिनिधी सभा सदस्य मिलेर एकिकृत रूपमा कार्यकमहरू लैजानको लागी गाउंपालिकाले नेत्तृत्व लिनु पर्ने वताए ।

### पारिश्रमिक तथा सुविधा अपर्याप्त भएको गुनासो

बुटवल । मंगलबार बैठकमा बोल्दै प्रदेश नम्बर ५ का सांसदहरूले आफ्नो सेवा-सुविधाको मात्रै माग र चर्चा गरे । पारिश्रमिक तथा सुविधा अपर्याप्त भएको उनीहरूको गुनासो थियो।बैठकमा प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रदेश ५ का पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधाबारे व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल गर्दै उनीहरूले मर्यादाक्रमका आधारमा सेवा-सुविधा आउनुपर्नेमा जोड दिए।माओवादी केन्द्रका सांसद तुलाराम घर्तीमगरले प्रदेशसभा सदस्यका लागि आएको पारिश्रमिक सेवा-सुविधा विभेदपुर्ण रहेको बताए । उनले बैठक भत्ता ७ सय ५०, फर्निचर १५ हजार, गाडी भाडा बापत ५ सय र घरभाडा वापतको १५ हजार निकै कम र अव्यावहारिक भएको टिप्पणी गरे । प्रदेशसभा सदस्य रामजी घिमिरेले प्रदेशसभा सदस्यको स्वकीय सचिवको विषय साझा माग भएको उल्लेख गर्दै प्रतिनिधिसभा सदस्यपछि प्रदेशसभा सदस्यको मर्यादाक्रम हुनुपर्ने बताए ।

### कार्यविधि विधेयक पारित

विराटनगर । प्रदेश नं १ को प्रदेशसभाको बैठकमा 'जिल्लासभा सञ्चालनका लागि कार्यविधि विधेयक-२०७५' पारित भएको छ । यही वैशाख २० गते प्रदेशसभा बैठकमा आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीले टेबुल गर्नु भएको सो विधेयक आजको बैठकबाट संशोधनसहित पारित भएको हो । सभामुख प्रदीप भण्डारीले सदनमा विधेयक पारित भएको घोषणा गरेका थिए । उक्त विधेयकमाथि नेकपा (एमाले), नेकपा(माओवादी केन्द्र)का गरी ११ र नेपाली काँग्रेसका एक जनाले संशोधन प्रस्ताव दर्ता गराएका थिए । यसअघि बैठकको शून्य समयमा प्रदेशसभा सदस्य कुलप्रसाद सावाले मोरङको उत्तरीक्षेत्रमा दर्ता नभएका र मापदण्ड विपरीत क्रसर उद्योग सञ्चालन भइरहेकाले तत्काल त्यस्ता उद्योग बन्द गर्न माग गरे ।

### ४ महिलासहित ५८ जनाले गरे रक्तदान

वीरगंज ।ूरक्तदान जिवनदानू भन्ने मुल नाराका साथ नगवा विकास समिति-१६ वीरगंजले आज खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । वीरगंज महानगरपालिका वडा नं. १६ नगवा पोखरी परिसरमा आयोजित कार्यक्रममा ४ महिला सहित ५८ जनाले रक्तदान गरेका छन् । समितिका अध्यक्ष सुबास कुमार पटेलको सभापतित्वमा भएको कार्यक्रममा मञ्जु देवी, उर्मिला देवी, रम्भा देवी, मोबिना खातुन, सुरेन्द्र पटेल, शैलेन्द्र पटेल, रोशन प्रसाद चौरसिया, सुबास पटेल, अर्जुन पटेल, अनिल सर्राफ, राजन प्रजापति, बौधिमाई क्लोनीका अध्यक्ष रामजिनिस प्रसाद चौरसिया, दिपेन्द्र पटेल, अभिसेख मल्लिक, ओमनाथ गोढ, गणेश साह गोढ, संतोष कुमार यादव, रंजित पटेल, सुमित गुप्ता, दिपक गुप्ता, जितेन्द्र प्रसाद खडगी, दिपक साह कानु, बलिराम महतो, सन्नी मिश्र, कृष्ण पटेल, सुनिल महतो, नरेश पटेल, बृजकिशोर चौरसिया, जयमंगल साह लगायतकाले रक्तदान गरेका छन् । सो अवसरमा वीरगंज महानगरपालिका वडा नं. १६ का वडा अध्यक्ष श्यामबाबु चौरसिया, युवा नेता ओमप्रकाश सर्राफ, अशोक पटेल, बाबुनन्द चौरसिया, वीरगंज युवा समाजका अध्यक्ष कमल चौगाई, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरिक्षक अनिस कर्ण  लगायतको विशेष सक्रियता रहेको थियो । सो अवसरमा रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक अधिकृत नितेस कुमार साह, अशोक कुमार साह, रिसब अधिकारी, पवन यादव, संदिप कुशवाहा लगायतकाले प्राविधिक सहयोग पुऱ्याएका थिए ।

### महिला सहभागिता सम्बन्धी अन्तरक्रिया

कपिलबस्तु । कपिलबस्तुको शिवराज नगरपालिकामा सुचना प्रबिधिमा महिला सहभागीता सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नेपाल सुचना प्रबिधिमा अगाडि बढि रहँदा यस क्षेत्रमा महिलाहरूको संख्या कम भएको तथा सुचना प्रबिधिको क्षेत्रमा उलेख्य अवसरहरू रहेको अवस्थामा किशोरी तथा युवाहरू संग यस बिषयमा अर्न्तकृया कार्यक्रमको आयोजना गरिएको हो । सुचना प्रबिधिमा महिलाहरूको सहभागीता अभिबृद्धि गर्ने तथा सामाजिक संजालहरूमा हुन सक्ने बिभिन्न जोखिमहरूमा किशोरीहरूलाई सजग बनाउनका लागी बिभिन्न बिषयमा छलफल समेत गरिएको थियो । कार्यक्रममा अहिले धेरैले प्रयोग गरिरहने ईन्टरनेटमा आफुलाई सुरक्षित राख्दै बिभिन्न अवसरहरूको प्रयोग गर्नका लागी सहभागीहरूलाई प्रोत्साहित गरिएको थियो । नेपाल दूरसंचार प्राधिकरणको सहयोगमा युवालय, ललितपुरले आयोजना गरेको कार्यक्रममा शिवराज नगरपालिकाका २० जना किशोरी युवाहरू सहभागी भएका थिए भने कार्यक्रमको सहजिकरण अर्जुन थापाले गरेका थिए ।

### आधुनिक सङ्ग्रहालय स्थापना गरिने

धनगढी । प्रदेश ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले सबै खाले भाषा, संस्कृति, कला संरक्षणका लागि प्रदेशमा आधुनिक सङ्ग्रहालय स्थापना गरिने बताएका छन् । भाषाको प्रचार र संरक्षण, संवर्द्धन हुन सकेको छैन, भाषा आयोग र प्रदेश सातको सामाजिक विकास मन्त्रालयको संयुक्त आयोजनामा भाषा संगोष्ठी २०७५ को उद्घाटन गर्दै मुख्यमन्त्री भट्टले प्रदेशमा सबै भाषा, संस्कृति झल्काउने सङ्ग्रहालय स्थापना गर्ने बताएका हुन् । सङ्ग्रहालय स्थापनाबारे प्रदेश सरकारले गम्भीर छलफल गरिरहेको पनि उनले बताए ।


कार्ल मार्क्स नै विश्व इतिहासमा एक मात्र व्यक्ति हो । जसले मधेशको भूमिमाथि कानूनी पहिलो पहाडीको अधिकार कायम गर्ने नेपालको पहिलो राणा प्रधानमन्त्री जंगबहादुरलाई 'ब्रिटिश कुकुर'को संज्ञा दिएको पाइन्छ । मार्क्सले बताएको हो कि सभ्यताको इतिहास यथार्थमा संघर्षको इतिहास हो । यो संघर्ष मालिक र गुलामको बीचको हो । शोषक र शोषितको बीचको हो । **जयकृष्ण गोईत**


विदेशी पाहुना आउँदा अस्वाभाविक ढंगले चाकरी गर्ने वा अतिरंजित आशंका गर्दै पाहुनाको अपमान गर्ने दुवै अतिवादबाट बचौं । पाहुनाको सत्कार पनि गर्ने र आफ्ना राष्ट्रिय हितका मामिलामा अडान पनि नछोड्ने नै हाम्रो संस्कृति र सच्चा देशभक्ति हो है ! **बाबुराम भट्टराई**


मोदीको जनकपुर पदार्पणमा असन्तुष्टि कुण्ठा मात्र हो । सि जिन पिंगलाई गुजरातमा, ओबामालाई संघाईमा र संसार भरिकालाई न्यूयोर्कमा स्वागत गर्नु त सामान्य नै हो । मोदीलाई चीनमा हिन्दी गीतको धुन सुनाईदा चीनको राट्रवादमा के नै प्रभाव पर्यो र ? यहाँ हिन्दीमा हुने अभिनन्दनले के नै हुने हो ? **जेपी गुप्ता**


सरकारी र सामुदायिक विद्यालयमा पढेको विद्यार्थीले छात्रवृति, जागिर, उच्च-अध्ययनमा सुबिधा र केहि कुरामा बिशेष सहुलियत पाउने संस्कृति शुरू भए पछि पढ्ने निजि तिर अनि जाच गाउँ-घरकै विद्यालयमा वा नजिककै सरकारी र सामुदायिकमा कनेक्सन मिलाएर गर्ने चलन आएको छ । **कृष्णहरि पुस्कर**


नेपाल-भारत सम्बन्ध राज्य र जनता दुबै तहमा सौहार्द हुनुपर्ने दुवै देशको बाध्यता हो । यसका लागि औपनिवेशिक 'नेहरू डक्ट्रिन' लाई निरन्तरता दिने भारतको नीति र नेपाली नेताहरूको अवसरवादी चरित्र दुबै बाधक छन् । **सूर्यराज आचार्य**


आदरणीय राष्ट्रपति विद्यादेवी भण्डारी जनकपुर जाँदा जनकपुरका जनताले मन नपराउनु र मोदी जनकपुर जाँदा नागरिक अभिनन्दनको कुरा उठ्नुमा जनकपुरको जनताको दोष हैन आदरणीय राष्ट्रपति विद्यादेवी भण्डारी र राज्य ले आत्मआलोचना गर्नुपर्ने हो । **मुकेश झा**


जनकपुर अञ्चल अस्पतालका अधिकांश डाक्टरले हाजिर गरेर निजि अस्पताल, क्लिनिकमा गएर काम गर्ने गरेका छन् । अस्पतालमा त इन्टनशिप गर्न आएका, स्वयंमसेवका रूपमा काम गर्दै सिक्न चाहने डाक्टर र नर्सहरूको भरमा चल्दैछ । बिरामी र कुरूवासँग यस्तो व्यवहार गरिन्छ कि त्यो सरकारिमा सेवा नलिई निजिमा जान बाध्य होस् । **दिपेन्द्र सिंह**


नाकाबन्दी ताका मधेश आन्दोलन र ओलीबिच एउटा समानता थियो र त्यो थियो स्वाभिमानको अडान । तर, ओलीको स्वाभिमानमा भारतप्रति क्रोध थियो भने मधेशको स्वाभिमानमा भारत रक्षक हुँदै थियो । अहिले दुवै मिलेर भारतको स्वाभिमानको अभिनन्दन गर्दैछन् । **मनिष झा**


मधेश र भारतको सम्बन्ध भारतको सुरक्षा र मधेशको राजनीतिक अधिकार केन्द्रित हुनुपर्छ । बराबरीको नेपाल-भारत प्रबुद्ध ग्यांग बनाएर मधेशी सरोकारका दस्तावेज र नीति परिवर्तन गरिदैछ । मधेशलाई झन कडा रूपमा भारत विरूद्ध खडा गर्नेछ । अब रोटीबेटी र दानदहेजको नाटक बन्द होस् । **बीपी साह**

# आइसीपी सात महिनामा निर्माण सम्पन्न हुने

काठमाडौं । भारतको लगानीमा मोरङको बुधनगरमा आउँदो डिसेम्बर अन्तिम सम्ममा एकीकृत संयुक्त भन्सार चेकपोष्ट (आइसीपी)को निर्माण कार्य पुरा हुने भएको छ । यसको निर्माण कार्य विगत डेढ वर्षदेखि भारतको दिनेशचन्द्र आर इनफलाक्सन प्रालि अहदावादले गर्दै आएको छ । कम्पनीलाई निर्माण कार्य सम्पन्न गर्न आगामी डिसेम्बर २६ सम्मको म्याद दिइएको छ । निर्माण कम्पनीका इन्जिनियर अवधेशप्रसाद साहले भने तोकिएको म्याद भन्दा पहिला नै सक्ने गरी निर्माण कार्य भइरहेको छ ।

सन् २००५ मा नेपाल र भारतबीच विराटनगर, विरगञ्ज, भैरहवा र नेपालगञ्ज नाकामा भारतले दुवैतर्फ (आइसीपी) सयुंक्त भन्सार चेकपोष्ट निर्माण गर्ने सम्झौता भएको थियो । सम्झौतामा निर्माणको सबै खर्च भारतले व्यहोंने र नेपाल पक्षले आवश्यक जमिन उपलब्ध गराउने सहमति छ ।

त्यसैगरी चेकपोष्टबाट सामान बोकेर आउने मालबहाक ट्रकलाई कोसी राजमार्गमा जोडने सडक निर्माणका लागि सरकारले अधिग्रहण गरेको ४० विघा जमिनमा निर्माण कम्पनीले ग्राभेलको काम सकेर पिच गर्ने तयारी गरेको छ । संयुक्त भन्सार चेक पोष्ट निर्माणको कार्य भारततर्फ करिब सकिएको छ ।

# मोदीको भ्रमण मुस्ताङको पर्यटकीय विकासका लागि महत्वपूर्ण

काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथको दर्शन गर्ने कुराले यतिखेर यहाँ चर्चा पाएको छ । प्रधानमन्त्री मोदी दर्शन गर्न आउने भएसँगै यस क्षेत्रको पर्यटकीय विकासमा महत्वपूर्ण सहयोग पुग्ने बारागुङ मुक्ति क्षेत्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दीपक रेग्मीको भनाइ छ । पर्यटकले स्नान गर्ने १०८ धारालाई रङरोगन गरिएको छ । मन्दिर परिसरमा सरसफाइ गरिएको छ ।

प्रधानमन्त्री मोदीको मुक्तिनाथ भ्रमणबाट यस क्षेत्रले विश्व पर्यटन बजारमा स्थान पाउने नेपाल-भारत मैत्री संघ मुस्ताङका अध्यक्ष गणेश शेरचन बताउँछन । मोदीको भ्रमणका क्रममा आउने देशी विदेशी सञ्चारकर्मीले यहाँका सुन्दर दृश्यलाई कैद गरी विश्व पर्यटन बजारमा पुऱ्याउने स्थानीयको विश्वास छ ।

## आर्थिक समाचार

### एनसेल थ्रिजी ५४ प्रतिशत जनसंख्यामा

काठमाडौं । एनसेलले आफ्नो थ्रिजी सेवा कुल जनसंख्याको ५४ प्रतिशत जनसंख्याको पहुँचमा पुर्‍याएको छ । कम्पनीको प्रमुख लगानीकर्ता मलेसियन कम्पनी आजियाटाले सार्वजनिक गरेको सन् २०१७ को एकिकृत वार्षिक प्रतिवेदनमा उक्त कुरा उल्लेख गरेको छ । कम्पनीले गतवर्ष प्रविधि तटस्थताको अनुमति पाएपछि आक्रामक रूपमा विषेशगरी ग्रामिण भेगलाई लक्षित गरी यो सेवा विस्तार गर्न थालेको हो । ९०० मेगाहर्ज मार्फत ग्रामिण र दुरदराजका भेगमा द्रुतगतिको मोवाइल डाटा सेवाका लागि थ्रिजी सेवाको विस्तार गर्ने बताउदै आएको छ । आजियाटाले प्रकाशित गरेको २०१७ को चौथो त्रैमासिक प्रतिवदन अनुसार, एनसेलले सन् २०१७ को अन्त्य सम्ममा २,६९९ थ्रिजी साइटहरू जडान गरी सेवा संचालन गर्दै आएको छ । "एनसेलको थ्रिजी सेवा कभरेज ५३.९ जनसंख्यामा पुगेको छ," वार्षिक प्रतिवेदनमा भनिएको छ ।

### सिटिजन लाइफको शाखा विस्तार

काठमाडौं । सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले बनेपाको चारदोबाटोमा नयाँ शाखा विस्तार गरेको छ । सोमबार कम्पनीका अध्यक्ष प्रदिपजंग पाण्डेले शाखाको उद्घाटन गरेका हुन् । उनले कम्पनीले हालसम्म गरेको उपलब्धी र भावी कार्ययोजनाअनुसारको लक्ष्य हासिल गर्न ग्राहकको आवश्यता अनुरूपको नविनतम् योजनाहरू ल्याएर कम्पनीलाई सेवामुखी बनाउने कुरामा जोड दिए । उद्घाटन कार्यकम्रमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषक राज पौडेलले बीमा बजारको सम्भाव्यता र कम्पनीको योजनाको बारेमा जानकारी गराएका थिए ।

## व्यापार अभिवृद्धिका लागि पहल गरिदिन आग्रह

काठमाडौं । नेपाल चेम्बर अफ कमर्सले भारतसँगको व्यापारलाई अभिवृद्धि गर्न सरकारका तर्फबाट आवश्यक पहल गरिदिन आग्रह गरेको छ । नेपाल चेम्बर अफ कमर्सले आयोजना गरेको नेपाल-भारत प्रवर्द्धनसम्बन्धी अन्तरक्रियामा चेम्बरका अध्यक्ष राजेशकाजी श्रेष्ठले देशमा आर्थिक समृद्धि हासिल गर्ने अठोट मुलुकले गरिरहेको बेला भारत-नेपालबीचको व्यापार वृद्धि हुनुपर्ने बताए । भूपरिवेष्टित देश नेपालले भारतको विशाखापटनम तथा बंगलादेशको बन्दरागाह पनि खुलाउन पाएमा त्रिदेशीय व्यापार वृद्धि हुने बताउँदै उनले नेपालमा सिन्डिकेटको निमिट्यान्न पार्ने सरकारको अभियानलाई चेम्बरले स्वागत गरेको बताए । बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमणमा आउने विदेशी पर्यटकको पासपोर्ट डिपोजिट गर्ने नियम खारेज गरी पर्यटकको लुम्बिनी बसाइँलाई लम्ब्याउनुपर्नेमा जोड दिए ।




## मोदीको नेपाल...

छ । नेपाली उत्पादनले भारतमा बजार पाउनुपर्छ । नेपाल सरकारले भारतसँग के-के विषय उठाउने हो, योजना बनाउनुपर्छ । ती योजनाहरूमा भारतको सहयोग लिनुपर्छ । व्यापारिक रूपमा नेपालले भारतसँग फाइदा लिनुपर्छ ।

भारतका लागि नेपाल ठूलो बजार हो । नेपालका लागि भारत मात्र होइन, भारतका लागि पनि नेपाल महत्वपूर्ण छ । भारतका लागि नेपालको पानी महत्वपूर्ण छ । एकतर्फी मात्र फाइदाका हिसाबले हेर्नु हुँदैन । नेपाल-भारत सम्बन्धलाई दुईतर्फी फाइदाको दृष्टिकोणबाट हेर्नुपर्छ । दुवै देशले एक-अर्काबाट फाइदा लिनुपर्छ । परस्परमा राम्रो सम्बन्ध बनाउनुपर्छ । पहिलो पटक नेपाल आएको यति छोटो समयमै भारतका प्रधानमन्त्री नेपाल भ्रमणमा आउनु राम्रो कुरा हो । यसबाट लाभ लिन सक्नुपर्छ ।

प्रधानमन्त्रीका रूपमा पहिलो पटक नेपाल भ्रमणमा आउँदा मोदीको लोकप्रियता चुलिएको थियो । संसदमा उनले दिएको भाषणलाई सम्झनेहरू अहिले पनि छन्

मोदीको अहिलेको भ्रमण सम्बन्धलाई नयाँ चरणमा लैजाने अवसर बन्न सक्ने देखिन्छ । तर, यसका लागि दुबै देशको पहलकदमी आवश्यक छ । उच्च राजनीतिक नेतृत्वको इच्छाशक्तिले जस्तोसुकै असमभ्दारी पनि मेट्न सक्ने भएकाले नयाँ खाले सम्बन्ध स्थापित गर्दै आपसी सद्भाव बढाउन यो भ्रमण असाध्यै महत्वपूर्ण हुने अनुमान गर्न सकिन्छ । भ्रमणले एकहिसाबले टुटेको राजनीतिक नेतृत्वबीचको भावनात्मक सम्बन्धलाई बलियो बनाउन सक्छ । ब्यूरोक्रेसीले सञ्चालन गरिरहेको वैदेशिक नीतिलाई उच्च राजनीतिक नेतृत्वले आपसी छलफल र भ्रमणमार्फत नयाँ गति र दिशामा लैजाने सम्भावना पनि छ ।

यद्यपी दुई देशले मिलेर सल्ट्याउनुपर्ने विषयहरू थुप्रै छ । धेरैमा प्रतिबद्धता जनाइसकिएका विषय कार्यान्वयन आउन सकेको छैन, यसर्थ नयाँ समभ्दारी कायम गर्न भ्रमणलाई उपयोग गरिनुपर्छ । मोदीको भ्रमण अवसरलाई सद्भाव र समभ्दारीलाई नयाँ स्वरूपमा लैजाने अवसरमा बदल्नुपर्ने आवश्यकत्ता रहेको छ ।

अन्त्यमा, संविधानसभाबाट नयाँ संविधानको घोषणासँगै संविधान कार्यान्वयनको क्रममा स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी बामगठबन्धनको समर्थनमा बहुमतको बलियो सरकार बनेको समयमा हुन लागेको मोदीको भ्रमणलाई विशेष महत्वका साथ हेरिएको छ । भारतमा प्रधानमन्त्रीको रूपमा मोदीको उदयसँगै उनले छिमेकी मित्रराष्ट्रहरूलाई उच्च महत्व दिने सार्वजनिक रूपमा घोषणा गरेका थिए । सोही अनुरूप नै मोदीको यो तेस्रो नेपाल भ्रमण हुन लागेको हो । ओलीको नेतृत्वमा सरकार निर्माण भएको परिपेक्षमा हुन लागेको यस भ्रमणलाई ओलीसँग र नेपालसँग विशेष सम्बन्ध स्थापित गर्ने मोदीको चाहना रहेको बुझ्न सकिन्छ ।

नेपाली जनताको म्याण्डेट पाएको वामपन्थी सरकारसँग निकट सहकार्य गर्न मोदी तयार रहेको यो भ्रमणको स्पष्ट सन्देश हो । ओली नेतृत्वको बहुमत प्राप्त सरकारलाई भारतको पूर्ण समर्थन रहने र हर क्षेत्रमा सहकार्यको लागि तयार रहेको ओलीको भारत भ्रमणको समयमा नै मोदीले प्रष्ट पारेका थिए । यो भ्रमणले एक अर्कालाई बुझ्ने र सहकार्य गर्न एकखालको विश्वासको वातावरण थप मजबुत बनाउने अपेक्षा गर्न सकिन्छ ।




## जनमोर्चाको सम्मेलन सम्पन्न

मणि प्रसाद गैह्रे, कपिलवस्तु । राष्ट्रिय जनमोर्चा कपिलवस्तुको छैठौ जिल्ला सम्मेलन नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न भएको छ । जिल्ला सम्मेलनले सर्वसम्मतिबाट नेतृत्व चयन गरिएको छ । दधिराम आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरिएको छ । जसको उपाध्यक्षमा हरिप्रसाद बेल्वासे, सचिवमा रामचन्द्र पौडेल, सहसचिवमा केयर सिंह, पुनः कोषाध्यक्षमा चेत नारायण खनाल, सदस्यहरुमा डबल सिंह जि.सी, दल बहादुर कुंवर, हुम बहादुर खत्री, लक्ष्मी भुषाल, बलबहादुर घर्ती छविलाल सिंजाली, ज्ञान बहादुर सिंजाली, मान बहादुर नेपाली, मिना के.सी, माग राजी योगी, प्रेम लम्साल, ऋषि राम शर्मा, तिलक गैह्रे, त्यस्तै वैकल्पिक सदस्यहरुमा टेक पति सापकोटा , देवेन्द्र कुंवर नेत्र प्रसाद गैह्रे, लगायत रहेका थिए । बन्द शत्रमा नेकपा मसालका महामन्त्री मोहन विक्रम सिंहले पार्टी कार्यकर्ताहरुलाई प्रशिक्षण समेत दिएका थिए ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं